# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी

## आ.व. २०७७/७८

प्रदेश सरकार

प्रदेश नं. ५

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

बुटवल, नेपाल

यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मिति २०७७।२।१९ को माननीय मन्त्रीस्तरीय निर्णयद्वारा स्वीकृत।

प्रदेश सरकार
प्रदेश नं. ५
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही

# बिषय-सूचि

बिषय पेज नं


परिच्छेद १ ........ ८
परिचय ........ ८
१.१ पृष्ठभूमि ........ ८
१.२ परिभाषा ........ ८
१.३ कार्यक्रम संचालन प्रक्रिया ........ ९
१.४ कार्यक्रम कार्यन्वयन विधि ........ १०
१.५ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि ........ १०
परिच्छेद २ ........ ११
वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३०७०००१२) ........ ११
२.१ वन, वन्यजन्तु, वातावरण, जैविक विविधता सम्बन्धी कानूने निर्माण ........ ११
२.२ प्रगति समिक्षा तथा योजना तर्जुमा गोष्ठी ........ ११
२.३ सिमसार क्षेत्र संरक्षण पोखरी निर्माण कार्यक्रम ........ ११
२.४ प्रदेशमा विगत वर्षहरुको वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने ........ १२
२.६ वन, वातावरण, जलाधार, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी कृयाकलापहरुको अनुगमन, प्रतिवेदन प्रकाशनः ........ १२
२.७ कबुलियति वनमा सामाजिक परिचालन तथा वन व्यवस्थापन ........ १२
२.८ वहुवर्षीय विरुवा उत्पादन ........ १३
२.९ वन नर्सरी स्तरोन्नतिकरण ........ १३
२.१०वृक्षारोपण र विरुवा वितरण ........ १३
२.११ एक जिल्ला एक नमूना कृषि वन कार्यक्रमः ........ १३
२.१२ बुद्धमंगल तालमा पर्यटन पुर्वाधार विकास कार्यक्रम : ........ १४
२.१३ जैविक विविधता संरक्षण र प्रवर्द्धन (संकटापन्न वनस्पतिको संरक्षण, सूचना केन्द्र स्थापना, अभिलेखीकरण आदि) ........ १४
२.१४ चोरी कटानी, चोरी शिकारी, नदीजन्य पदार्थ चोरी नियन्त्रण ........ १४
२.१५ वन डढेलो रोकथाम तथा नियन्त्रण ........ १५
२.१६ वन अतिक्रमण नियन्त्रण : ........ १५

२.१७ वन क्षेत्र भित्रका खोला/खोल्सी व्यवस्थापन तथा नदिजन्य पदार्थ संकलन..........१६
२.१८ वन्यजन्तु उद्दार कार्यक्रम..........१६
२.१९ वन अतिक्रमण नियन्त्रणका लागि बाँसजन्य बिरुवा रोपण..........१६
२.२० वनपैदावार व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद र जडान..........१७
२.२१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम..........१७
२.२१.१ सामुदायिक वन व्यवस्थापन..........१७
२.२१.३ चक्ला वन व्यवस्थापन..........१८
२.२२ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम..........१९
२.२३ वन उद्यम प्रवर्धनमा सहयोग..........१९
२.२६ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता र प्रविधी सम्बन्धी तालीम..........२०
२.२७ वन अनुसन्धान तथा सर्भेक्षणका लागि आवश्यक पर्ने उपकरण, मेसिन खरिद..........२१
२.२८ वन, वातावरण, जलाधार, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी संचालित कार्यक्रमहरुको अनुगमन, प्रतिवेदन प्रकाशन..........२१
परिच्छेद ३..........२२
संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन(३०७०००१३)..........२२
क)कार्यविधिको सामान्य मार्गदर्शन..........२२
ख)उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि..........२३
ग)सीप विकास तथा तालिम..........२४
घ)पर्यटकीय सेवा प्रवाह..........२५
ङ)प्रचार प्रसार कार्यक्रम..........२५
च)पर्यटन पूर्वाधार विकास..........२६
- ऐतिहासिक तथा धार्मिक मन्दिर/मस्जिद/आश्रमहरु संरक्षण एवम् धार्मिक पर्यटन पूर्वाधार विकास २६
संग्रहालय/दरबार निर्माण, संरक्षण र व्यवस्थापन कार्यक्रम..........२९
ताल/पोखरी/झरना/सिमसार र गुफाहरुको विकास र प्रवर्द्धन कार्यक्रम..........३०
होमस्टेमा सांस्कृतिक घर निर्माण, बाजा तथा भेषभुषा संरक्षण..........३१
- पर्यटकीय सूचना केन्द्र निर्माण र व्यवस्थापन..........31
पार्क/उद्यान/गार्डेन निर्माण र विकास कार्यक्रम..........३२
- भ्यूटावर निर्माण र मर्मत संभार..........34



शाखा अधिकृतस्तर (सातौं)

महाशाखा प्रमुख

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

सचिव

पदमार्ग निर्माण, स्तरोन्नति तथा मर्मत र सुधार ........ ३४

अन्य पर्यटन पूर्वाधार विकास र संरक्षणका कार्यक्रमहरु ........ ३५

सांस्कृतिक डबली निर्माण ........ ३७

छ) पूँजीगत अनुसन्धान तथा परामर्श ........ ३७

परिच्छेदः ४ ........ 39

जडिबुटी तथा गैहकाष्ठ वन पैदावार व्यवस्थापन कार्यक्रम ........ 39

४.१ जडीबुटी विरुवा उत्पादन, खेती विस्तार ........ ३९

४.२ जडीबुटी तथा गैरकाष्ठ वनपैदावारमा आधारित उद्यम प्रवर्धनमा सहयोग ........ ३९

४.३ प्रदेशका महत्वपुर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गर्ने. ४०

४.४ काष्ठ तथा गैरकाष्ठ वन पैदावारको हर्वोरियम संकलन र व्यवस्थापन ........ ४०

परिच्छेदः ५ ........ 41

भू तथा जलाधार व्यवस्थापन कार्यक्रम ........ 41

५.१ कार्यनीति ........ ४१

५.२ जनशक्ति व्यवस्थापन तथा समयसिमा ........ ४२

५.३ खरीद र भुक्तानी प्रकृया तथा गुणस्तर नियंत्रण ........ ४२

५.४ कार्यान्वयन विधी ........ ४३

५.४.१ आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण ........ ४३

५.४.२ ग्रामिण सडकसँग भू-संरक्षण कार्यक्रम ........ ४३

५.४.३ नदी तथा खोला किनार व्यवस्थापन ........ ४४

५.४.४ संवेदनशिल जलाधार क्षेत्र संरक्षण ........ ४५

५.४.५ संवेदनशिल उपजलाधार क्षेत्रहरूमा कृषि वन प्रणाली प्रवर्धन (लागि डालेघाँस, फलफूलका विरुवा वितरण तथा रोपण) ........ ४६

५.४.६ पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम ........ ४६

५.४.७ गल्छी, पहिरो तथा खहरे रोकथाम ........ ४७

५.४.८ प्रचार प्रसार, Activity Profile र योजना तर्जुमा गोष्ठी ........ ४७

५.४.९ खोलाको व्यवस्थापन गरी पानीको बहुउद्देश्यिय उपयोग (जलवायू परिवर्तन अनुकुलन) ........ ४८

५.४.१० नदि प्रणालीमा आधारित उपजलाधार क्षेत्रहरूको संभाव्यता अध्ययन तथा विस्तृत योजना निर्माण ........ ४८

५.४.११ तिनाउ, रासी र बबई नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना निर्माण गर्ने । ..... ४९



अधिकृतस्तर (सातौं)

महाशाखा प्रमुख

सचिव

परिच्छेदः ६ ........................................................................................................ 50
वाणिज्य तथा आपूर्ति ........................................................................................ 50
६.१ विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लव गठन गरी उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गर्नेः ........................................................................................................ ५०
६.२ प्रत्येक जिल्लाका दश वटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा सञ्चालन गर्नेः ........................................................................................................ ५०
६.३ व्यवसायीहरु बीच अन्तरक्रियाः ........................................................................ ५०
६.४ वाणिज्य र बजार अनुगमन निरीक्षणः ........................................................... ५१
६.५ उद्योग तथा वाणिज्य फर्मको तथ्याङ्कहरुको अपडेटः ...................................... ५१
६.६ उद्योग तथा वाणिज्य प्रशासन ......................................................................... ५१
६.७ वाणिज्य तथा आपूर्ति सम्बन्धी कानूनको निर्माणः ............................................ ५१
६.८ उपभोक्ता दिवस .............................................................................................. ५१
६.९ पेट्रोल पम्पहरुको अनुगमन निरीक्षणः .............................................................. ५२
६.१० प्रदेशस्तरीय आपूर्ति संयन्त्र सञ्चालन र माग आपूर्ति विश्लेषण ...................... ५२
६.११ प्रचार प्रसार (रेडियो पत्रपत्रिका) ................................................................... ५२
६.१२ उपभोक्ता जागरण अभियान- प्रचार सामाग्री तयारी ......................................... ५२
६.१३ उद्योग तथा वाणिज्य मेला प्रदर्शनी ................................................................. ५२
६.१४ खाद्य वस्तुको गुणस्तर मापन प्रयोगशाला स्थापना (बहुवर्षीय कार्यक्रम) ............. ५२
परिच्छेदः ७ ........................................................................................................ 53
औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम ............................................................ 53
७.१ वेवसाइट र डिजिटल वडापत्र ......................................................................... ५३
७.२विपन्नमुखी आयमूलक सीप विकास तालिम ........................................................ ५३
७.३मुक्त कमैया, कम्लरी, माझी, कुमाल, हलिया तथा लोपन्मुख, सिमान्तकृतहरुलाई सीप मूलक तालिम . ५४
७.४ सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता, एकल महिला, दलित तथा जनजातीहरुका लागि सीप मूलक तालिम ........................................................................................................ ५४
७.५ भगत सर्वजित सिप विकास प्रवर्द्धन कार्यक्रम (दलित लक्षित) ............................ ५५
७.६जिल्ला स्तरमा लघु, घरेलु तथा साना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण ................. ५६
७.७उद्योग दिवस मनाउने ........................................................................................ ५७
७.८ बुद्धकालिन र बुद्ध संस्कृतीमा आधारित काष्ठकला, ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने ........................................................................................................ ५७



(सातौं)

महाशिखा प्रमुख

प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, रूपन्देही

सचिव

७.९सञ्चालित उद्यमीहरुको उद्योग स्तरोन्ती तालिम ........ ५८

७.१०परम्परागत सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार ........ ५८

क .उद्योगीहरुको छनौट प्रक्रिया........ 58

७.११प्रदेश स्तरीय महिला उद्यमीहरुसँग अन्तरक्रिया गोष्ठी........ ६०

७.१२वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया गोष्ठी........ ६१

७.१३उत्पादित वस्तुको गुणस्तर र लेभलिङ सम्बन्धमा अभिमुखीकरण गोष्ठि........ ६१

७.१४ कर्मचारीको क्षमता अभिबृद्धि तालिम........ ६१

७.१५ वार्षिक तथा अर्धवार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा गोष्ठी........ ६१

७.१६ उद्योगहरुलाई अनुदान........ ६१

७.१७ ऐन, नीति, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण तथा परिमार्जन........ ६२

७.१८लघु घरेलु तथा साना उद्योगहरुको अनुगमन निरीक्षण........ ६२

७.१९ लघु, घरेलु तथा साना उद्योग विकास कोषको संचालन :........ ६२

७.२० उद्योगीहरुसंग प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम........ ६२

७.२१ नेपालगंज र दाङमा प्रदेशस्तरको प्रर्दशनी कक्ष स्थापनाको संभाव्यता अध्ययन........ ६३

७.२२लुम्बिनी कोरिडोरका उद्योगहरुको स्थानान्तरण सम्भाव्यता अध्ययन प्रतिवेदन........ ६३

७.२३स्वदेशी श्रमले विदेशी श्रमलाई प्रतिस्थापन गर्ने क्षेत्रहरुको अध्ययन........ ६३

७.२४खाद्य उद्योगहरुको अध्ययन प्रतिवेदन........ ६३

७.२५स्वदेशी सामान प्रदर्शनी तथा बिक्री कक्ष........ ६४

७.२६कोशेली घर सञ्चालनका लागि सहयोग........ ६४

७.२७ घरेलु तथा साना उद्योग कार्यालयको अभिलेख व्यवस्थापन........ ६५

७.२८बुलेटिन र प्रकाशन........ ६५

७.२९आन्तरिक उत्पादनको मेला प्रदर्शनी........ ६५

७.३० उद्योगको सफ्टवेयर सञ्चालन........ ६५

७.३१शालिग्राम अध्ययन........ ६५

७.३२तिलोत्तमा औद्योगिक ग्राम स्थापना........ ६६

७.३३प्रदेशका १५ पालिकामा औद्योगिक ग्राम विस्तृत अध्ययन........ ६६

७.३४बुटवल औद्योगिक क्षेत्रको औद्योगिक पूर्वाधार सुधार........ ६६


अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख प्रदेश सरकार सचिव

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका वन निर्देशनालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यबस्थापन कार्यालय, पर्यटन डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति लगायत मन्त्रालयबाट अख्तियारी प्राप्त निकायहरुबाट आ.व.२०७७/७८ मा संचालन हुने वार्षिक कियाकलापहरुको कार्यान्वयमा एकरूपता एबम् सहजता ल्याउनका लागि मार्गदर्शनको रूपमा यो वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ।

## १.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु मार्फत वार्षिक कार्यक्रम कार्यन्वियन गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत कार्यविधिलाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले यस मन्त्रालय अन्तर्गतका वन निर्देशनालय र उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्छ।

घ. "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ ।

ङ. "महाशाखा" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय सम्झनुपर्छ ।

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

ज. "उद्योग" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई सञ्चालन भएका उद्योगलाई सम्झनुपर्छ ।

झ. "प्रचलित कानून" भन्नाले संघ र प्रदेश सरकार, प्रदेश नं ५ ले निर्माण गरेका तथा हाल कार्यान्वयनमा रहेका कानूनहरुलाई जनाउँछ।

स्तर (सातौं) महाशाखा प्रमुख सचिव

ञ. "वातावरण मैत्री क्रियाकलापहरू" भन्नाले यस कार्यविधि अनुरूप संचालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा सकभर सिमेण्ट, फलाम जस्ता वस्तुहरूको प्रयोग नगरी/कम प्रयोग गरी स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरू जस्तै: काठ, ढुंगा, माटो, खर आदिको प्रयोग गरी गरिने कृयाकलापलाई सम्झनुपर्छ। सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम र हरियालीजन्य क्रियाकलापहरूलाई प्राथमिकता दिने समेत जनाउँछ ।

## १.३ कार्यक्रम संचालन प्रक्रिया

स्वीकृत बार्षिक कार्यक्रम निम्न प्रकृया अवलम्बन गरी संचालन गरिनेछ ।

क. स्वीकृत बार्षिक कार्यक्रम प्राप्त भए पश्चात कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने।

ख. स्वीकृत बार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्यकता अनुसार कार्य बिभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने।

ग. क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह, कार्यक्रम संचालन हुने क्षेत्र, स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी संचालन गरी कार्यक्रम संचालन हुने स्थानको पहिचान गर्ने ।

घ. विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने।

ङ. विशेष सीपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने ।

च. प्रदेश अन्तर्गतका कार्यालयहरूबाट संचालन हुने तालीम तथा अनुसन्धानका विषयहरूमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी संचालन गर्न सकिनेछ ।

छ. लागत अनुमान तयार गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ५ बाट तयार भएको स्वीकृत नर्मस, प्रचलित नर्मस, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिने ।

ज. लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने:

१. कार्यक्रम/क्रियाकलापको शीर्षक

२. कार्यक्रम संचालन हुने स्थान

३. कार्यक्रमको डिजाइन, नक्शा, इकाई, परिमाण, प्रति इकाई लागत र कुल लागत परिमाण अनुमान

४. श्रोत साझेदारीको अवस्था

झ. कार्यक्रम संचालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

१. कार्यक्रमको नाम

सचिव

२. कार्यक्रमको पृष्ठभूमी
३. कार्यक्रमको लक्ष्य र उद्देश्य
४. कार्यक्रम संचालन हुने स्थान वा क्षेत्र
५. लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या
६. कार्यक्रम सञ्चालन विधि र प्रकृया
७. कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
८. अपेक्षित उपलब्धीहरू
९. अनुगमन तथा मूल्याङ्कन

## १.४ कार्यक्रम कार्यन्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही तपसिल अनुसार सञ्चालन गरिनेछ।

क. अमानतबाट
ख. उपभोक्ता समूह वा समितिबाट
ग. ठेक्कापट्टाबाट
घ. परामर्श सेवा खरिदबाट
ङ. साझेदारी वा सम्झौताबाट

## १.५ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मुल्यांकन तपशिल बमोजिम गरिनेछ ।

क. सम्बन्धित निकायबाट नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिने ।
ख. अनुगमन मूल्याङ्कन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई आधार लिईनेछ।
ग. रू. ५ लाख भन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण खुल्ने गरी होर्डिङ बोर्ड सम्बन्धित निर्माण स्थलमा राखुपर्नेछ। यस खालको होर्डिङ बोर्ड सकभर काठको बनाउनु पर्नेछ। यसको खर्च सम्बन्धित कार्यक्रमबाट गर्न सकिनेछ।
घ. कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रूपन्देही

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

# परिच्छेद २

# वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३०७०००१२)

## २.१ वन, वन्यजन्तु, वातावरण, जैविक विविधता सम्बन्धी कानून निर्माण

यस कार्यक्रमको मूल उद्देश्य वन, वातावरण, जैविक विविधता, जडिबुटी, जलाधार व्यवस्थापन सम्बन्धी कानून निर्माण गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ ।

क. प्रदेश स्तरमा आवश्यक पर्ने वन, वातावरण, जैविक विविधता, जडिबुटी, जलाधार व्यवस्थापन सम्बन्धी आवश्यक ऐन, नियम र निर्देशिका निर्माण गरिनेछ ।

ख. स्वीकृत वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।

ग. कानून निर्माण, कार्यविधि निर्माणका क्रममा आवश्यकता अनुसार सरोकारवालाहरू सँग राय संकलन, वैठक, परामर्श सेवा, गोष्ठी, छपाई सम्बन्धी कार्य समेत गर्न सकिनेछ ।

## २.२ प्रगति समिक्षा तथा योजना तर्जुमा गोष्ठी

यस कार्यक्रमको मुल उद्देश्य प्रदेश योजना आयोगले तोकेको प्रकृया र चालु आवधिक योजनाका लक्ष्य पुरा हुने गरी स्थलगत रुपमा पहिचान भै आएका कार्यकम/योजनालाई सामुहिक छलफलबाट अन्तिम टुंगो लगाउन वार्षिक योजना तर्जुमा गर्ने र कार्यक्रमको मर्म बमोजिम स्थलगत रुपमा कार्य सम्पादनको अवस्था कस्तो रहेको छ भनी नियमित रुपमा प्रगतिको समिक्षा गरी लक्ष्यमा पुग्न सहयोग पुऱ्याउनु रहेको छ। यस शीर्षकमा विनियोजित रकम मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको सहभागितामा वार्षिक योजना तर्जुमा गोष्ठी र चौमासिक/वार्षिक प्रगती समिक्षा गोष्ठीमा खर्च गरिनेछ ।

## २.३ सिमसार क्षेत्र संरक्षण पोखरी निर्माण कार्यक्रम

यस कार्यक्रमको मूल उद्देश्य सिमसार तथा अन्य पानीका स्रोतहरुको दीगो संरक्षण तथा व्यवस्थापन गर्नु र आवश्यकताको आधारमा नयाँ पोखरी निर्माण गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ ।

क. प्राकृतिक सिमसारहरुको प्राथमिकताको आधारमा (संवेदनशीलता र आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका) संरक्षण, जिर्णोद्दार र व्यवस्थापनका क्रियाकलाप गरिनेछ।

ख. यस कार्यक्रमबाट नयाँ पोखरी निमार्ण गर्नु परेको अवस्थामा वन क्षेत्रको रूखविरूवाहरू नभएको र प्राकृतिक रूपमा पानी जम्ने वा खोंच, खोल्सा खोल्सी भएका स्थानहरूलाई प्राथमिकता दिइनेछ । क्षेत्र छनोट गर्दा सम्बन्धित सव डिभिजन कार्यालयहरू, स्थानीय सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया र ठाउँको उपयुक्ततालाई आधार लिनुपर्नेछ ।

ग. यस खालका पोखरी निर्माण गर्दा वर्षातको पानी संकलन भई जमिन रिचार्ज हुने, वन्यजन्तु तथा चराचुरूङ्गीहरुको लागि पिउने पानीको स्रोत उपलब्ध हुने, वन डढेलो नियन्त्रणका लागि उपयोग हुने र



महाशाखा प्रमुख सचिव

सिंचाईका लागि समेत उपयोगी हुने कुरामा ध्यान दिनुपर्नेछ। वन्यजन्तु, जनावर तथा मानिसको सुरक्षालाई ध्यानमा राखी पोखरीको डिल ठाडो नबनाइ भिरालोपन कायम गरेको कराही आकारको हुनुपर्नेछ ।

घ. कार्यालयबाट स्थान छनोट, लागत अनुमान, डिजाइन, सम्झौता गरी कार्य सम्पन्न गर्नुपर्नेछ ।

ङ. यो कार्य स्थानीय समूह मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

च. प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, पोखरीको साइज, क्षमता (घ.मि.), GPS लोकेशन, रोजगारी सिर्जना र खर्च रकम आदि उल्लेख गर्नुपर्नेछ ।

## २.४ प्रदेशमा विगत वर्षहरुको वैज्ञानिक वन व्यवस्थापन कार्यान्वियनको अवस्थाको अध्ययन गर्ने

वैज्ञानिक वन व्यवस्थापनको स्थलगत रुपमा कार्यान्वियनको यथार्थ अवस्थाको आंकलन गरी आगामी दिनमा अझै प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन गर्ने लक्ष्य यस अध्ययनको रहेको छ। कार्यक्रम कार्यान्वयन स्विकृत कार्यसूची (TOR) बमोजिम सेवा प्रदायक मार्फत गरिनेछ ।

## २.५ प्रदेशमा वन क्षेत्रको फैलावट र खण्डीकरणको कारणबाट मानव र वन्यजन्तुबीच हुने द्वन्द र व्यवस्थापन सम्बन्धी अध्ययन गर्ने

यस कार्यक्रमको लक्ष्य बढदो मानव वन्यजन्तु द्वन्द्वको मूल कारणहरुको पहिचान गरी सम्भाव्य द्वन्द्व न्यूनीकरणका उपायहरुको खोजी गरी यसको कार्यान्वयनबाट आगामी दिनहरुमा द्वन्द्व न्यूनीकरणमा सहयोग पुर्‍याउनु रहेको छ ।उल्लेखित विषय वस्तुहरुलाई समावेश गरी कार्यसूची तयार गरी सेवा प्रदायक मार्फत कार्यक्रम संचालन गरिने छ ।

## २.६ वन, वातावरण, जलाधार, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्वन्धी कृयाकलापहरुको अनुगमन, प्रतिवेदन प्रकाशन:

वन निर्देशनालय मार्फत संचालन हुने यस कार्यक्रमको मूल लक्ष्य नियमित रुपमा स्थलगत अनुगमन गरी समयमा नै गुणस्तरीय कार्य सम्पादन गर्न सहजीकरण र पृष्ठपोषण गर्नु रहेको छ । अनुगमनको क्रममा प्राप्त विवरणहरुको विश्लेषण गरी चौमासिक, वार्षिक प्रतिवेदन तयार गर्नुका साथै बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिनेछ ।

## २.७ कबुलियति वनमा सामाजिक परिचालन तथा वन व्यवस्थापन

यस कार्यक्रमबाट कबुलियति वनका लागि सामाजिक परिचालक नियुक्ति गरी विभिन्न सामाजिक परिचालनका कार्यक्रमहरु जस्तै कवुलियती वन उपभोक्ता समूहहरुको भेला गराउने, समिति गठन गर्ने, छलफल कार्यक्रमहरु संचालन गर्ने, नियमित वचत संकलन तथा सहकारी गठन, आयमुलक घाँस तथा जडीबुटी, फलफूल तथा वन प्रजातिका विरुवा रोपण, सहभागितात्मक रुपमा समूहहरुको मूल्याङ्कन जस्ता कार्यक्रमहरु संचालन गरिने छ । यस शीर्षकमा विनियोजित रकम सामाजिक परिचालकको पारिश्रमिक भुक्तानी र विउ विरुवा जस्ता सामग्री खरिद तथा रोपण र जिविकोपार्जन सुधार योजना (Livelihood Improvement Plan) तयारी गर्न खर्च गर्न सकिने छ ।

महाशाखा प्रमुख सचिव

वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित रुपमा प्रतिवेदन पेश गर्दा निम्न अनुसारका विषय वस्तुहरु समेटिने छन:

सम्पादित कार्यक्रमहरुको संख्या, स्थान, खर्च भएको बजेट, उपलब्धी, रोजगारी सृजना, रोपण भएका बिरुवा संख्या, बचत संकलन कोष तथा लगानीको अवस्था, फोटोहरु, आदि ।

## २.८ बहुवर्षीय बिरुवा उत्पादन

यस वर्षदेखि वृक्षारोपण गर्दा एक मिटर उचाईका बिरुवा मात्र उपयोग गरिने भन्ने प्रदेश सरकारको नीति भएको हुँदा बहुवर्षीय बिरुवा उत्पादनमा जोड दिइएको छ। बहुबर्षीय भन्नाले बाह्र महिना भन्दा बढी अवधीको बिरुवा जनाउनेछ। जनताबाट वृक्षारोपण गर्न बढी माग भएका प्रजाति छनौटको लागि जिल्लामा बिभिन्न सरोकारवालाहरु सँग अन्तरक्रिया गरी उत्पादन गरिने बिरुवाको प्रजाति र संख्या निर्धारण गरिनेछ। यसरी जिल्लामा बिरुवा उत्पादनको माग संकलन गरी सो को आधारमा बहुवर्षीय बिरुवा उत्पादन गरिनेछ । बिरुवा उत्पादन वृक्षारोपण सँग तालमेल हुनुपर्नेछ।

## २.९ वन नर्सरी स्तरोन्नतिकरण

यस कार्यक्रमबाट जिल्लामा एउटा वा दुई वटा नमूना (Model) नर्सरीको रुपमा स्तरोन्नति गरिने छ । यसको लागि नर्सरीको भौतिक संरचनामा व्यापक सुधार गर्न आवश्यकता अनुसार ग्रिन हाउस निर्माण, फुटपाथ निर्माण, स्थायी प्रकृतिको shed Stand र shed house निर्माण, पानीको व्यवस्था, कम्पोस्ट मल तयारी र फोहोर व्यवस्थापन प्रणालीको विकास, लगायतका कार्यहरु गरिने छ। सकभर स्तरोन्नतिको कार्य एउटा नर्सरीको कार्य अधुरो हुने गरी अर्को नर्सरीमा गरिने छैन र एकै स्थानमा दोहोरो नहुने गरी गरिनेछ।

## २.१०वृक्षारोपण र बिरुवा वितरण

स्थानिय सामुदायिक वन, कबुलियती वन, राष्ट्रिय वन क्षेत्रहरु, सार्वजनिक जग्गा आदिमा वार्षिक रुपमा वृक्षारोपण गरी त्यसको संरक्षणको व्यवस्था समेत यस कार्यक्रमबाट गरिने छ। यस कार्यक्रमको लागि स्थानीय सा.व.उ.स.को लागत सहभागिता तथा श्रमदान सहितको जिल्ला दररेट तथा नर्मसको आधारमा लागत अनुमान तयार गरिनेछ। लागत अनुमानको आधारमा कूल खर्च मध्ये यस कार्यक्रमबाट प्रति हेक्टर रु. ५०,००० भन्दा बढि खर्च गरिने छैन। यसको लागि आवश्यक बिरुवा डिभिजन वन कार्यालयबाट उपलब्ध हुन नसक्ने अवस्था भएमा यसै कार्यक्रमबाट बिरुवा खरिद तथा ढुवानी गर्न सकिनेछ। यो कार्यक्रम स्थानीय तह तथा अन्य सरोकारवाला निकाय सँगको समन्वय र सहकार्यमा गर्न सकिनेछ।

## २.११ एक जिल्ला एक नमूना कृषि वन कार्यक्रम:

वन क्षेत्र भन्दा बाहिर कृषि वन प्रवर्द्धन गर्न पाँच भन्दा बढी घरधुरीहरुको समूह गठन गरी यो कार्यक्रम गर्न सकिने छ। यसका साथै अतिक्रमण हटाइएका वन क्षेत्रहरु, नदी उकास क्षेत्र तथा विद्युत प्रसारण लाइन मुनिको जग्गामा विपन्न वर्गका जनताहरुको समूह बनाई आयमूलक घाँस, जडीबुटी तथा फलफुलका बिरुवा खरिद, रोपन तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गरिनेछ।



(सातौं) महाशाखा प्रमुख सचिव

वन अतिक्रमण हटाई कृषि वन गरिएका क्षेत्रहरुमा ५ मि. × ५ मि. को स्पेसिङमा वनजन्य बिरुवाको रोपन गरिने छ। रुखबिरुवाको बीचका क्षेत्रहरुमा जडीबुटी, फलफूल तथा अन्य आयमूलक प्रजाति (अन्नवाली बाहेक) रोपण गरी जग्गाको विकास गरिनेछ। यस्ता समूहहरुको डिभिजन वन कार्यालयमा अभिलेख राखी चौमासिक तथा वार्षिक रुपमा प्रगति विवरणमा राखिनेछ।

२.१२ बुद्धमंगल तालमा पर्यटन पुर्वाधार विकास कार्यक्रम :

नवलपरासी जिल्लाको बर्दघाट न.पा. स्थित बुद्धमंगल ताल सामुदायिक वन क्षेत्र बुद्धकालिन ऐतिहासिक क्षेत्र रहेकाले यसको गुरुयोजना अनुसार पर्यटन पूर्वाधार विकास तथा सौन्दर्यीकरण गर्न यो कार्यक्रम संचालन गरिने छ। यो कार्यक्रम स्थानीय सामुदायिक वन उपभोक्ता समूह मार्फत संचालन गरिनेछ ।

## २.१३ जैविक विविधता संरक्षण र प्रवर्द्धन (संकटापन्न वनस्पतिको संरक्षण, सूचना केन्द्र स्थापना, अभिलेखीकरण आदि)

यस कार्यक्रमको मूल उद्देश्य सामाजिक आर्थिक महत्वका लोपोन्मुख अवस्थामा रहेका वनस्पति तथा वन्यजन्तुहरुको संरक्षण, प्रवर्धन, सम्वर्धन र विकास गर्नुरहेकोछ। कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

क. यस कार्यक्रम अन्तर्गत सामाजिक, सांस्कृतिक र आर्थिक महत्व बढी भएका, लोपोन्मुख अवस्थामा रहेका वनस्पति तथा वन्यजन्तुहरुको सर्वेक्षण अध्ययन अनुसन्धान गर्ने, अभिलेखीकरण गर्ने, संकटापन्न, लोपोन्मुख, स्थानीय प्रजातीहरु (जस्तै सतीसाल, विजयसाल, मौवा, लेक चाँप, ओखर, जैतुन आदी) को बासस्थान संरक्षण गर्ने, जैविक विविधता सूचना केन्द्र स्थापना गर्ने लगायतका कार्यहरू आवश्यकता अनुसार गरिनेछ ।

ख. जैविक विविधता सम्बन्धी सूचनाहरू संकलन गर्ने, पुस्तिका प्रकाशन गर्ने, प्रचार प्रसार गर्ने लगायतका क्रियाकलापहरू आवश्यकता अनुसार गरिनेछ ।

ग. कार्य सम्पन्न पश्चात कार्य सम्पन्न गरिएको स्थान ,सञ्चालित कृयाकलापहरु,खर्च रकम, कार्यक्रमका झलक देखिने फोटोहरु, सृजित रोजगारी समेतको विवरण समेटी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## २.१४ चोरी कटानी, चोरी शिकारी, नदीजन्य पदार्थ चोरी नियन्त्रण

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको प्रभावकारी संरक्षण गर्नु रहेको छ । यस शीर्षकमा विनियोजन भएको वजेट आवश्यकता अनुसार तपसिलमा उल्लेखित कृयाकलापहरूमा खर्च गरिनेछ ।

क. वन तथा वन्यजन्तु सम्बन्धी अपराध न्यूनीकरण तथा नियन्त्रणका लागि नियमित गस्ती परिचालन गर्ने, गस्तीमा खटिने जनशक्तीका लागि आवश्यक पर्ने खाना र खाजाको व्यवस्थापन, सवारी साधन मर्मत, भाडामा लिने तथा इन्धन व्यवस्थापन गर्ने,

ख. वन तथा वन्यजन्तु, नदीजन्य पदार्थ चोरी निकासी सम्बन्धी अपराध अनुसन्धान, मुद्दा दायरी, सुराकी परिचालन गर्ने,



प्रदेश सरकार ... बुटवल, रुपन्देही

महाशाखा प्रमुख

सचिव

(सातौं)

ग. प्रगति प्रतिवेदनमा कृयाकलाप भएको स्थान, संरक्षण कृयाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरू, सृजित रोजगारी समेतको विवरण पेश गर्नुपर्नेछ ।

## २.१५ वन डढेलो रोकथाम तथा नियन्त्रण

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको वन डढेलोबाट प्रभावकारी संरक्षण गर्नु रहेको छ। यस कार्यक्रममा वन डढेलोको न्यूनीकरण गर्नको लागि पूर्व तयारी गर्ने, जिल्लामा Focal Person तोकेर सम्बन्धित निकायमा दैनिक रिपोर्टिङ तथा समन्वय गर्ने कार्य गरिनेछ। यस शीर्षकमा विनियोजन भएको बजेट आवश्यकता अनुसार तपसिलमा उल्लेखित कृयाकलापहरूमा खर्च गरिनेछ ।

क. वन डढेलो नियन्त्रणका लागि योजना तयारी, पूर्व तयारीका क्रियाकलापहरु, अग्नी नियन्त्रकको व्यवस्थापन, अग्निरेखा निर्माण तथा मर्मत, जनचेतना अभिवृद्धि, संजाल निर्माण, प्रचार प्रसार, गोष्ठी बैठक सञ्चालन, अग्निरोधक सामग्रीहरू खरिद तथा वितरण, संवेदनशिल क्षेत्रहरुमा प्रज्वलनशिल पदार्थ हटाउने वा डढाउने, वन डढेलो नियन्त्रणका लागि खटिने जनशक्तीका लागि आवश्यक पर्ने खाना र खाजाको व्यवस्थापन, डढेलो नियन्त्रणमा प्रयोग हुने सवारी साधन मर्मत, भाडामा लिने तथा इन्धन व्यवस्थापन गर्ने,

ख. प्रगति प्रतिवेदनमा कृयाकलाप भएको स्थान, वन डढेलो लागेको स्थान (जिपिएस कोर्डीनेट सहित) र क्षेत्रफल, वन डढेलो नियन्त्रण तथा रोकथामका लागि संचालित कृयाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरू, सृजित रोजगारी समेतको विवरण पेश गर्नुपर्नेछ ।

## २.१६ वन अतिक्रमण नियन्त्रण :

यस कार्यक्रमको मुल उद्देश्य वन अतिक्रमण हुन नदिने र विगतमा भएको अतिक्रमण हटाइ पुनः वन क्षेत्र कायम गर्ने रहेको छ। यस शीर्षकमा विनियोजन भएको बजेट आवश्यकता अनुसार तपसिलमा उल्लेखित कृयाकलापहरूमा खर्च गरिनेछ ।

क. वन अतिक्रमण नियन्त्रणका लागि योजना तयारी र पुर्व तयारीका कृयाकलापहरू गर्ने ।

ख. स्थानिय तह, सुरक्षा निकाय र सरोकारवालाहरू सामुदायिक/साझेदारी वन उपभोक्ताहरूसँग छलफल गर्ने ।

ग. वन अतिक्रमण हुन नदिन नियमित गस्ती परिचालन गर्ने। अतिक्रमण नियन्त्रणमा खटिने जनशक्तीका लागि आवश्यक पर्ने खाना र खाजाको व्यवस्थापन, प्रयोग हुने सवारी साधन मर्मत, भाडामा लिने तथा इन्धन व्यवस्थापन गर्ने,

घ. वन अतिक्रमण हटाई तारबार लगाई वृक्षारोपण र संरक्षणका कार्यक्रमहरू गर्ने ।

ङ. वन अतिक्रमणकारीहरूलाई कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाउने,

च. प्रगति प्रतिवेदनमा कृयाकलाप भएको स्थान, हटाईएको क्षेत्रफल, वन अतिक्रमण नियन्त्रणका लागि संचालित कृयाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरू, सृजित रोजगारी समेतको विवरण पेश गर्नुपर्नेछ ।

प्रदेश सरकार ... बुटवल

महाशाखा प्रमुख

सचिव

...कतस्तर (सातौं)

## २.१७ वन क्षेत्र भित्रका खोला/खोल्सी व्यबस्थापन तथा नदिजन्य पदार्थ संकलन

वनक्षेत्रको जग्गा व्यवस्थापनको अभिन्न अंगको रुपमा वनक्षेत्रका खोलाखोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन गर्ने कार्यक्रम गरिनेछ। यो कार्यक्रमको मूख्य उद्देश्य वनक्षेत्र भित्र रहेका खहरे तथा खोलामा ढुङगा गेग्रान थुप्रँदै गई वनक्षेत्रमा रेलिनबाट नियन्त्रण गर्ने, खहरेको किनारा संरक्षण गर्ने, सिल्ट ट्र्याप गर्न तथा पानी रिचार्ज गर्न खहरेको शिर देखि आवश्यक ठाउँमा पोखरी निर्माण गर्ने र यस क्रममा उत्पादन हुने नदीजन्य पदार्थको संकलन र बिक्रि बितरण गर्ने रहेको छ। यो कार्य प्रचलित कानूनको रही गरिनेछ। यो कार्यक्रम गर्न वनक्षेत्र भित्र रहेका खहरे तथा खोलाहरु पहिचान गरी गर्नु पर्ने कार्यहरु एकिन गरी योजना बनाउनु पर्ने छ । यो योजना बमोजिम संकलन हुन सक्ने नदीजन्य पदार्थ ठेक्काको प्रकृयाबाट संकलन गरी उचित स्थानमा (खोला खहरेकै उपयुक्त स्थानमा समेत) घाटगद्दी गर्नु पर्नेछ। यसरी घाटगद्दी गर्दै गएपछि ५० हजार क्युबिक फिट पुगेपछि लिलाम गर्नु पर्नेछ। यस कार्यक्रममा बिनियोजित बजेट यस कार्यको योजना तयार गर्न तथा नदीजन्य पदार्थ संकलनमा खर्च गर्न सकिनेछ। बिनियोजित बजेट नदीजन्य पदार्थको संकलन खर्च भुक्तानी गर्न अपुग भएमा नदीजन्य पदार्थ लिलाम गरेपछि प्राप्त हुने रकमबाट भुक्तानी गर्न सकिनेछ। यसको लागि आवश्यक रकम धरौटी खातामा राखी बाँकी रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। नदीजन्य पदार्थ लिलाम गर्दा संकलन खर्च थप लिइने शर्त राखी सूचना प्रकाशन गर्नु पर्ने छ ।

## २.१८ वन्यजन्तु उद्दार कार्यक्रम

यस कार्यक्रमको उद्देश्य घाइते तथा टुहुरा वन्यजन्तुको उद्दार तथा व्यबस्थापन गर्नु रहेको छ । यस शीर्षकमा विनियोजित बजेटबाट तपसिलमा उल्लेखित कार्यहरू गर्न सकिनेछ ।

क. घाइते टुहुरा तथा समस्याजन्य वन्यजन्तुहरू उद्दार संरक्षणका लागि आवश्यक पर्ने खोर (केज) को व्यबस्था गर्ने, तत्काल उपचारको लागि संबन्धित स्थानमा पुऱ्याउने ।

ख. घाइते तथा टुहुरा वन्यजन्तुहरूको लागि आवश्यक औषधी उपचार र आवश्यक आहाराको व्यबस्था गर्ने ।

ग. घाइते तथा टुहुरा वन्यजन्तुहरू पुनर्स्थापनाको लागि प्राकृतिक बासस्थान सम्म पुऱ्याउने ।

घ. मृत वन्यजन्तुहरुको व्यवस्थापन गर्ने ।

ङ. प्रगति प्रतिवेदनमा उद्दार गरिएका वन्यजन्तुहरूको विवरण, स्थान, गरिएका कृयाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरू समेतको बिवरण पेश गर्नुपर्नेछ ।

## २.१९ वन अतिक्रमण नियन्त्रणका लागि बाँसजन्य विरूवा रोपण

यस कार्यक्रमको मुल उद्देश्य आवादी क्षेत्र बढाएर वन अतिक्रमण गर्ने प्रवृत्ति तथा वन क्षेत्रबाट वन्यजन्तुहरू आवादी/वस्तीमा पस्ने कार्यलाई निरूत्साहित गर्न र बाँसजन्य पैदावारको उत्पादनमा वृद्धि गरी रोजगारी सृजना गर्नु रहेको छ। यस शीर्षकमा विनियोजन भएको बजेट आवश्यकता अनुसार तपसिलमा उल्लेखित कृयाकलापहरूमा खर्च गरिनेछ ।

क. वन क्षेत्रसँग जोडिएको अतिक्रमण संवेदनशिल क्षेत्र पहिचान गरी क्षेत्र छनोट गर्ने ।

ख. बाँसजन्य विरूवा (घना) उत्पादन/खरिद गर्ने ।

ग. आवादी क्षेत्र बढाएर वन अतिक्रमण गर्ने प्रवृत्ति तथा वन क्षेत्रबाट वन्यजन्तुहरू आवादी/वस्तीमा पस्ने कार्यलाई नियन्त्रण गर्न १ मिटर गहिरो र १ मिटर चौडा नाला /ट्रेन्च निर्माण गरिनेछ र नालाको वन तर्फको भागमा २-२ मिटरको दुरीमा स्थानीय प्रजातिको बाक्लो घना हुने बाँसको विरूवा रोपण गरिनेछ ।

प्रदेश सरकार
प्रदेश नं ५
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही



शाखा अधिकृतस्तर (सातौं) महाशीखा प्रमुख सचिव

घ. रोपिएका बिरुवाको प्रभावकारी संरक्षणको व्यवस्था मिलाउने ।

ङ. प्रगति प्रतिवेदनमा कृयाकलाप भएको स्थान र सो को लम्बाई, कृयाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरू, सृजित रोजगारी समेतको विवरण पेश गर्नुपर्नेछ ।

## २.२० वनपैदावार व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद र जडान

यस कार्यक्रमको मुल उद्देश्य वन क्षेत्रमा प्रविधीको प्रयोग गरी सुशासन अभिवृद्धि गर्नु रहेको छ। सूचना तथा संचार प्रविधि प्रतिष्ठान, प्रदेश नं. ५ सँगको समन्वयमा यो कार्यक्रम गरिनेछ। यस कार्यका लागि मन्त्रालयबाट स्पेसिफिकेसन तयार गरी सोही अनुसार सफ्टवेयर तयार गरिनेछ। यस शीर्षकमा विनियोजित बजेट तपशिलमा उल्लेखित कार्यहरूमा खर्च गर्न सकिनेछ ।

क. डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरूमा वन श्रोत सर्भेक्षण तथा वन पैदावार (गोलिया) मापनको लागि आवश्यक पर्ने तोकिएको स्पेसिफिकेसन बमोजिमको मिनिल्यापटप/ट्याब खरिद गर्ने ।

ख. सेवा प्रदायक संस्था मार्फत सफ्टवेयर खरिद गरी संचालन र जडान सम्बन्धी प्राविधिक सेवा लिने ।

ग. प्रविधी प्रयोगको लागि डिभिजन तथा सब डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिकहरूलाई आवश्यक पर्ने सिप हस्तान्तरण गर्ने ।

घ. यसका अतिरिक्त स्थलगत रूपमा प्रविधी प्रयोगको निम्ती सिमकार्ड खरिद गर्ने, इन्टरनेट जडान गर्ने ।

## २.२१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम

वनको हैसियतमा सुधार गरी वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै दीगो रूपमा वन पैदावार प्राप्त गर्ने उद्देश्यले स्वीकृत वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को अधिनमा रही सामुदायिक वन, साझेदारी वन र चक्ला वनमा यो कार्यक्रम कार्यान्वियन गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत कार्ययोजना अनुसार पुनरूत्पादन कटान, पुनरूत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, पुनरूत्पादन अभिबृद्धि कार्यक्रम, अग्नीरेखा मर्मत संभार, अग्नी रेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, वन संरक्षण र वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गर्ने कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ ।

### २.२१.१ सामुदायिक वन व्यवस्थापन

क. नयाँ वन व्यवस्थापन कार्ययोजना तयार गर्दा स्वीकृत वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयार गर्ने नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

ख. वन कार्ययोजना तयार गर्दा डिभिजन वन कार्यालयको मानवीय श्रोतले नभ्याउने अवस्थामा परामर्श सेवा लिई कार्ययोजना तयार गरिनेछ ।

ग. परामर्श सेवाबाट कार्ययोजना तयार गर्दा समूहसँग सम्झौता गरी लागत अनुमान र संझौताको आधारमा समूह मार्फत रकम भुक्तानी गर्न सकिनेछ ।

घ. कम लागतका (रू.१ लाख भन्दा कम) कार्ययोजना निर्माण, संशोधन, थिनिङ लगायतका कार्यान्वियनका लागि अमानतबाट गर्न सकिनेछ ।

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही



कार्यतस्लर (सातौं) महाशाखा प्रमुख सचिव

ङ. सामुदायिक वनमा पहिलो पटक कार्ययोजना निर्माण गर्न वा पहिलो पटक कार्ययोजना कार्यान्वयन गर्नका लागि मात्र रकम खर्च गरिनेछ ।

च. पुनरूत्पादन कटान पश्चात वा अन्य कारणबाट बारबेर गर्नुपरेमा कटानबाट उत्पादित हाँगा बिंगा वा थिनिङबाट प्राप्त काठबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ । वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले समेत सिमेण्टको पोल र काँडितार प्रयोग गर्न पाइने छैन।

### २.२१.२ साझेदारी वन व्यवस्थापन

यस शीर्षकमा विनियोजित भएको रकम स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएका वन संरक्षण र व्यवस्थापन सँग सम्बन्धित कृयाकलापहरू संचालन गर्न खर्च गरिनेछ। यो शीर्षकमा विनियोजित रकम वन क्षेत्र बाहिरको अन्य सामाजिक विकास निर्माणका कार्यहरूमा खर्च गरिने छैन। वन संरक्षण र व्यवस्थापनका आवश्यक कृयाकलापहरूको पहिचान गरी रकम बाँडफाँड गरी नियम अनुसार कार्यान्वयन गर्नुपर्नेछ । साझेदारी वन व्यवस्थापन समितिले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वियन इकाई मार्फत डिभिजन वन कार्यालयमा पेश भई सकेपछि डिभिजनल वन अधिकृतले उक्त कार्यक्रम स्वीकृत गरी जिल्ला स्थित सरोकारवालाहरुको रोहवरमा सार्वजनिक गर्ने। सो कार्यक्रम कार्यान्वियनको लागि चौमासिक रुपमा तोकिए बमोजिमको रकम उपलब्ध गराई आवश्यकता अनुसार को आधारमा मात्र रकम खर्च गरी सो को प्रगति प्रतिवेदन चौमासिक/बार्षिक रुपमा पेश गर्नुपर्नेछ।

क. पुनरूत्पादन कटान पश्चात वा अन्य कारणबाट बारबेर गर्नुपरेमा कटानबाट उत्पादित हाँगा बिंगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ । वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले समेत सिमेण्टको पोल र काँडितार प्रयोग गर्न पाइने छैन ।

ख. कार्यसम्पन्न भए पश्चात तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

### २.२१.३ चक्ला वन व्यवस्थापन

यस शीर्षकमा विनियोजित भएको रकम स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार वन संरक्षण र व्यवस्थापनसँग सम्बन्धित कृयाकलापहरू संचालन गर्न खर्च गरिनेछ। चक्ला वन व्यवस्थापन समितिले बार्षिक कार्यक्रम स्विकृत गरी जिल्ला स्थित सरोकारवालाहरुको रोहवरमा सार्वजनिक गर्ने। सो कार्यक्रम कार्यान्वयनको लागि चौमासिक रुपमा तोकिए बमोजिमको रकम उपलब्ध गराई आवश्यकता अनुसार को आधारमा मात्र रकम खर्च गरी सो को प्रगति प्रतिवेदन चौमासिक/बार्षिक रुपमा पेश गर्नुपर्नेछ।

क. पुनरूत्पादन कटान पश्चात वा अन्य कारणबाट बारबेर गर्नुपरेमा कटानबाट उत्पादित हाँगा बिंगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ। वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले समेत सिमेण्टको पोल र काँडितार प्रयोग गर्न पाइने छैन।

ख. यस कार्यक्रम कार्यन्वयन गर्दा चक्ला वन संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार कमी वा नभएमा चौकिदार भवन, सम्बन्धित सब डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन एवं कार्यालय सञ्चालन गर्न अन्य आवश्यक क्रियाकलाप समेत गर्न सकिनेछ। तर यस शीर्षकमा विनियोजन भएको रकमको २० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाइने छैन।



अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

ग. कार्यसम्पन्न भए पश्चात तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

## २.२२ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत घाइते, टुहुरा तथा समस्याग्रस्त वन्यजन्तु तथा वन्यजन्तुको आक्रमणबाट घाइते मानवको उद्दार गर्ने, वन्यजन्तुको नियमित आवतजावत गर्ने टुटेको वा साँघुरिएको जोखिमयुक्त बाटोको पहिचान र व्यवस्थापन गर्ने, वासस्थान सुधार गर्ने, छेकबार व्यवस्थापन गर्ने, पछि फिर्ता हुने गरी अवस्था अनुसार बढीमा बीस हजार रुपैयाँ तत्काल राहतको व्यवस्थापन गर्ने लगायतका कृयाकलापहरू गर्न सकिनेछ। सामान्यतया बस्ती र जंगलको बीचमा वन्यजन्तुबाट बारम्बार क्षती हुने स्थानमा ट्रेन्च खनेर बाँस रोप्ने, वालमेश फेन्स तयार गरी छेकबार निर्माण गर्ने तथा मचान निर्माण जस्ता कृयाकलाप गर्न सकिनेछ। त्यसैगरी वन्यजन्तुबाट हुने क्षती न्यूनीकरण गर्नको लागि विद्युत नपुगेका विपन्न घरधुरीहरुलाई सौर्य बत्ती जडानको काम समेत गर्न सकिनेछ। मन्त्रालयमा रहेको रकम डिभिजन वन कार्यालयहरूबाट सिफारिस भई आएको स्थानमा मानव वन्यजन्तु द्वन्द्व र व्यवस्थापनका कृयाकलापहरू संचालन गर्न खर्च गर्न सकिनेछ ।

## २.२३ वन उद्यम प्रवर्धनमा सहयोग

यस कार्यक्रमको मुख्य उद्देश्य वनपैदावारमा आधारित उद्योग स्थापना गर्ने निजी, सहकारी वा समुदायबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी उद्यम स्थापनाका लागि सहयोग पुर्याउनु रहेको छ। यसमा विनियोजित रकम तपसिल अनुसार खर्च गरिनेछ ।

- सम्बन्धित कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा नियम अनुसार सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने।
- इच्छुक व्यवसायी वा समुदायमा आधारित संघसंस्थाहरू तथा सहकारीले व्यवसायिक योजना सहित प्रस्ताव पेश गर्ने।
- प्राप्त प्रस्तावहरूको मुल्यांकन गरी उपयुक्त प्रस्ताव पेश गर्ने निजी वा संघसंस्थाहरूलाई कुल लागतको पचास प्रतिशतमा नबढ्ने गरी सहयोग उपलब्ध गराउन सकिनेछ। यस प्रकारको सहयोगबाट प्रस्तावदाताले उद्यम संचालनका लागि आवश्यक पर्ने मेसिनरी औजार खरिद, भण्डारण घर निर्माण, कच्चा पदार्थ खरिद लगायतका कार्यमा खर्च गर्न सक्नेछ ।
- वन उद्यम प्रवर्धनका लागि क्षेत्रहरू सिजनिङ, ट्रिटमेन्ट प्लान्ट, काठ दाउरा र भुसको गुणस्तर अभिवृद्धि गर्ने वन जन्य उद्यम, फर्निचर र काष्ठ प्रविधिका सुधारका मेसिन संचालन, बाँस बेतजन्य उद्यम, जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको विकास, विस्तार, प्रशोधन र प्याकेजिङ लगायतका हुनेछन्।

महाशाखा प्रमुख

सचिव

अधिकृतस्तर (सातौं)

## २.२४ विभिन्न दिवस, समारोह, प्रचार प्रसार, वार्षिक पुस्तिका प्रकाशन आदी

यस कार्यक्रमको मुल उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, जैविक विविधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्ने रहेको छ। यस कार्यक्रमबाट आवश्यकता अनुसार निम्न अनुसारका कृयाकलापमा खर्च गरिनेछ ।

क. आम संचारका माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट सन्देशमूलक सामग्री निर्माण तथा प्रसारण गर्ने,

ख. सूचनाको हक संवन्धी विषयहरूमा कार्यालयका गतिविधिहरूको नियमित प्रकाशन, सब डिभिजन स्तरमा सार्वजनिक सुनुवाइ, वेभसाइट सञ्चालन गर्ने,

ग. पुस्तिका प्रकाशन, प्रचार प्रसार सामग्री उत्पादन र बितरण गर्ने,

घ. वन महोत्सव, विश्व सिमसार दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, प्रदेश स्थापना दिवस, वन डढेलो सप्ताह लगायत अन्य दिवस तथा समारोहको आयोजना गर्ने,

ङ. कार्यदल र सरोकारवालाहरूसँगको समन्वय बैठक, गोष्ठी आदि गर्ने,

च. प्रगति प्रतिवेदनमा क्रियाकलाप भएको स्थान, क्रियाकलापहरूको विवरण, फोटो, खर्च रकम, उपलब्धीहरूको विवरण पेश गर्नुपर्नेछ ।

## २.२५ सामुदायिक वनमा कार्ययोजना कार्यान्वयन

यस कार्यक्रमको उद्देश्य सामुदायिक वनको कार्ययोजनामा वन संरक्षण र व्यवस्थापन सम्बन्धी उल्लेख भएका कृयाकलाहरू कार्यान्वयन गर्नु रहेको छ। यस अन्तर्गत वन कार्ययोजना नवीकरण, कार्ययोजना तयारी, सामुदायिक वनको अनुगमन तथा प्रतिवेदन तयारी, वन संरक्षण, व्यवस्थापन र संस्थागत विकास सम्बन्धी सामुदायिक वनका उपभोक्ताहरुलाई अति आवश्यक तालीम संचालन गर्न सकिनेछ ।

## २.२६ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता र प्रविधी सम्बन्धी तालीम

यो कार्यक्रम निम्नानुसार गरिनेछ ।

क. यस कार्यक्रमबाट कर्मचारीहरुको वृत्ति विकासको लागि सेवाकालिन तालिम तथा पूनर्ताजगी र क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार सामुदायमा आधारित वन व्यवस्थापनका पदाधिकारीहरु समेत लाई तालिम प्रदान गर्न सकिनेछ।

ख. तालिमहरु सञ्चालन गर्नका लागि वन वातावरण तथा जलाधार क्षेत्रका कर्मचारीहरुको तालिम आवश्यकता पहिचान भएका विषयहरुलाई प्राथमिकता दिई संचालन गरिनेछ ।

ग. वन, जैविक विविधता र प्रविधी सम्बन्धी विभिन्न वन व्यवस्थापन क्षेत्रमा दीगो प्रभाव पार्न सक्ने अध्ययन तथा अनुसन्धानका कार्यहरू सेवा प्रदायक संस्था मार्फत गरिनेछ ।

घ. यस शीर्षकबाट तालीम तथा अनुसन्धानका अतिरिक्त पुस्तकालय व्यवस्थापन, विभिन्न गोष्ठी, तालीम संचालनका क्रममा आवश्यक फिल्ड गियर, उपकरण खरिद, वार्षिक प्रगति पुस्तिका प्रकाशन, वन क्षेत्रसँग सम्बन्धित विषयमा तालीम पुस्तिका निर्माण गर्ने, तालीम डाटावेस सफ्टवेयर निर्माण गर्ने, रोष्टर तयार गर्न सकिनेछ ।

ङ. तालिमका एकमुष्ट कार्यक्रमहरु विभाजन गरी तालिमको नाम, सहभागिको स्तर, वजेट, अवधि सहितको समयतालिका (तालिम क्यालेण्डर) वनाई सार्वजनिक गरिनेछ ।



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

महाशाखा प्रमुख

सचिव

(सातौं)

च. तालिमको प्रभावकारीता मूल्यांकन गर्नका लागि तालिम सम्पन्न भए पश्चात अनुगमन गर्ने कार्य समेत सम्वन्धित तालिमको प्याकेजमा नै लागत अनुमानमा राखी कार्यक्रम स्वीकृत गराई मूल्यांकन समेत गर्नुपर्ने छ तर यो अनुगमन खर्च कुल वजेटको ५ प्रतिशत नवढने गरी (डि.एस.ए., गाडी, इन्धन, स्टेसनरी, फिल्ड गीयर, अनुगमन प्रतिवेदन तयारी जस्ता कार्यमा) खर्च गर्नुपर्ने छ। एक भन्दा वढी तालिमको अनुगमन एकै पटक समेत गर्न सकिने छ ।

## २.२७ वन अनुसन्धान तथा सर्भेक्षणका लागि आवश्यक पर्ने उपकरण, मेसिन खरिद

वन अनुसन्धान तथा सर्भेक्षणका लागि आवश्यक पर्ने उपकरण, मेसिन सुचना प्रकाशन गरी खरिद गरिनेछ ।

## २.२८ वन, वातावरण, जलाधार, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी संचालित कार्यक्रमहरुको अनुगमन, प्रतिवेदन प्रकाशन

वन निर्देशनालयबाट डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट संचालित वन, वातावरण, जैविक विविधता, जडिबुटी तथा गैरकाष्ठ वनपैदावार र जलाधार व्यवस्थापन सम्बन्धी कृयाकलापहरुको नियमित रूपमा अनुगमन गरी वार्षिक प्रगति प्रकाशन गर्ने गरिनेछ ।

अधिकृतस्तर (सातौं)

महाशाखा प्रमुख

# परिच्छेद ३

## संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन

## (३०७०००१३)

### क) कार्यविधिको सामान्य मार्गदर्शन

स्वीकृत वार्षिक कार्यक्रममा स्थान नतोकिएका कृयाकलापहरुको लागि सम्बन्धित निर्वाचन क्षेत्रका माननीय सदस्य(प्रदेश सभा) लगायत सरोकारवालाहरुसँगको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ ।

सामुदायिक वन क्षेत्रमा पर्यटन पूर्वाधार सम्वन्धि कार्यहरु वन तथा भू-संरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधि, २०७५ बमोजिम सञ्चालन गरिनेछ ।

राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने पर्यटन पूर्वाधार सम्बन्धी क्रियाकलापहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र भित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र कार्यालयसँग समन्वय र सहकार्य गरी सहमती लिएर गरिनेछ।

ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित कार्यहरु पुरातत्व बिभागसँग समन्वय र सहकार्य गर्दै नेपाल सरकारको"प्रचीन स्मारक सम्बन्धी,कार्यविधि २०६४"बमोजिम गरिनेछ।

पर्यटन विकासका क्रियाकलापहरु सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली ,२०७६ र प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायतका प्रचलित कानूनको पालना गरिन छ।

हिलस्टेशन अन्तरगत निर्माण गरिने भ्यु टावर निर्माण, वन बगैचा स्थापना, विश्राम तथा मनोरञ्जन घरहरुको स्थानीय भौगोलिक अवस्थिति र धार्मिक, सांस्कृतिक, जैविक मौलिकता झल्किने गरी परामर्शदाताबाट छुट्टाछुट्टै रुपमा तयार भएको विस्तृत आयोजना प्रतिवेदन र प्रचलित कानून बमोजिम गरिनेछ ।

सम्बन्धित सरोकारवाला पक्षले सम्बन्धित योजनाको लागि सर्भे, डिजाईन, नक्सा तथा लागत अनुमान सरकारी निकाय तथा नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्ने छ । उक्त कागजातहरु मन्त्रालय मातहतका निकायमा कार्यरत प्राविधिकबाट चेकजाँच गरी आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्न सकिनेछ।

प्राविधिकहरुवाट स्वीकृत आयोजनाहरुको सर्भे डिजाईन तथा लागत ईष्टिमेट तयार गरी प्रचलित कानून बमोजिम बोलपत्र/दरभाउ पत्र वा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

स्थान छनौटः

वार्षिक कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुका लागि सम्बन्धित क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य,स्थानीय तह लगायतका सरोकारवालाहरुको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ.

स्थान छनौट गर्दा सकेसम्म वन क्षेत्र बाहिर गरिनेछ,

समुहद्वारा व्यवस्थित वनमा कार्यक्रम सञ्चालन गर्नु परेमा सम्बन्धित समुहको कार्य योजनामा उल्लेख भएको हुनु पर्ने, नभएमा संशोधन गरी सम्बन्धित अख्तियारवालाबाट स्वीकृत गराई गर्न सकिनेछ ।

## ख) उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि

- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पर्यटकीय पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ। उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछ ।
- उपभोक्ता समिति गठनः सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा लाभग्राही समुदायको भेलाबाट बढीमा एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ। उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित समावेशी प्रकृतिको हुनुपर्नेछ। प्रचलित कानून बमोजिम पहिले नै गठन भएको उपभोक्ता समूह/समिति मार्फत काम गराउन सकिनेछ।
- कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गरिनेछ। सम्बन्धित विषयको विज्ञ/प्राविधिकहरुको सहयोगमा समेत लागत अनुमान तयार गराउन सकिनेछ।
- डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई आधारमा लिन सकिनेछ,
- लागत अनुमान तयार गरी सोको स्वीकृती तथा कार्यक्रम सञ्चालनको निम्ति तयार गरिने प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य,उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनु पर्नेछ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय पूर्वाधारहरुको निर्माण पश्चात त्यसको स्याहार संभार र सञ्चालन गर्ने जिम्मेवारी र सञ्चालनको मोडालिटी सहितको व्यवसायिक कार्ययोजना स्थानीय तहको सिफारिस सहितका कागजात उपभोक्ता समितिले पेश गर्नु पर्नेछ ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय पूर्वाधार निर्माणको कूल लागत मध्ये कम्तिमा दश प्रतिशत सम्बन्धित लाभग्राही समुदायले नगद वा श्रमदान गर्नुपर्नेछ। यसको सुनिश्चितताको लागि सम्झौता गर्नु अगावै नगद प्रतिबद्धताको हकमा निर्माण समितिको नाममा बैंक खाता खोली योजनाको कूल लागतको कम्तिमा दश प्रतिशत रकम खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ र श्रमदानको हकमा सो बराबरको लिखित प्रतिबद्धता गरेको हुनुपर्नेछ।
- उपरोक्तानुसार गठन भएको समितिको निर्णय, सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य वा कम्तिमा सम्बन्धित स्थानीय तहको वडाको सिफारिस, आयोजनाका प्राविधिकले गरिदिएको लागत अनुमान, डिजाईन नक्सा र मर्मत संभार एवं सञ्चालन कार्ययोजना समेत संलग्न गरी उपभोक्ता समितिले निवेदन पेश गर्नु पर्नेछ।

- सम्बन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिइने छ ।
- कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, गुणस्तर, समय सिमा, लागत जस्ता सुचक समावेस गरी गरिनेछ।
- सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाइ पृष्ठपोषण दिइनेछ।
- योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।
- उपभोक्ता समिति कार्यकारी समिति हुनेछ ।
- उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नेछ ।
- उपभोक्ता समितिले नजिकको पायक पर्ने बैंकमा अध्यक्षको अनिवार्य दस्तखत र सचिव वा कोषाध्यक्ष मध्ये एकजनाको ऐच्छिक गरी संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी उपभोक्ता समितिको नाममा खाता खोलेको हुनुपर्नेछ।
- सम्पन्न भएका योजनाको निरन्तर संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत संभार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।
- उपभोक्ता समितिले कार्यस्थलमा खटिएका प्राविधिक कर्मचारीले दिएका सल्लाह सुझाव बमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ ।
- उपभोक्ता समितिले गरेको कामको बील भरपाई र आयोजना कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक कर्मचारीले गरेको नाप जाँच एवम् मूल्याङ्कनका आधारमा बढीमा तीन किस्तामा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ। पहिलो किस्ता संझौता भएपछि बढीमा एक तिहाई र अन्य किस्ता कार्य प्रगतिको आधारमा उपलब्ध गराउनु पर्नेछ।
- नियमानुसार कट्टी गर्नु पर्ने कर कट्टा गरेर मात्र रकम भुक्तानी गरिनेछ।

## ग) सीप विकास तथा तालिम

यस कार्यक्रमको मूल उद्देश्य पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास मार्फत प्रादेशिक पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउने रहेको छ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

| क सं | तालिमको नाम | सहभागी तथा छनौटको आधार |
|---|---|---|
| १ | हस्पिटालिटि म्यानेजमेन्ट तालिम | यो तालिम यस प्रदेश भित्र रहेका पर्यटक स्तरीय होटलमा कार्यरत कर्मचारी, पथप्रदर्शक र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारीहरुलाई दिइनेछ। |



महाशाखा प्रमुख

| | | |
|---|---|---|
| २ | पर्यटन गाइड तालिम, | यो तालिम यस प्रदेश भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा स्थानीय पर्यटक गाइड तयार गर्न सम्बन्धित सरोकारवालासँग समन्वय गरी दिइनेछ। |
| ३ | होमस्टे व्यवस्थापन तालिम | यो तालिम यस प्रदेश भित्र दर्ता वा अभिलेखीकरण भएका होमस्टेका संचालक र व्यवस्थापकहरुलाई छनौट गरी दिइनेछ। तालिमको प्याकेजमा अवलोकन भ्रमण आवश्यक पर्ने भए सो समेत गर्न सकिनेछ। |

उल्लेखित कार्यक्रम सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु

क. कार्यक्रमको उद्देश्य

ख. छलफल र तालिमका विषयवस्तु,

ग. कार्यक्रम सञ्चालन भएको स्थान, अवधि र मिति देखिने ब्यानर, सहभागीको फोटो तथा अन्य दृश्यहरु,

घ. अवलोकन भ्रमण गरिएका स्थान, भ्रमणमा भएका छलफलका विषयवस्तु ,

ङ. कार्यक्रमको बजेट, भौतिक प्रगति र वित्तीय प्रगति,

च. प्रत्येक तालिमका सहभागीहरुको नाम, ठेगाना समेतको अभिलेख

## घ) पर्यटकीय सेवा प्रवाह

पर्यटकीय सेवाहरु ट्राभल/ट्रेकिङ एजेन्सीको दर्ता, नवीकरण, नियमन, पर्यटक स्तरीय होटल लज, बार र रिसोर्टको दर्ता र नवीकरण तथा नियमन गर्ने तथा प्रदेश कानून बमोजिम प्रदान गरिने अन्य पर्यटन सम्बन्धी सेवा प्रवाहको कार्य प्रदेश एबम् प्रचलित कानून बमोजिम उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पर्यटन डिभिजन कार्यालय बाँके र रुपन्देहीबाट गरिनेछ ।

## ङ) प्रचार प्रसार कार्यक्रम

यस कार्यक्रमको मूल उद्देश्य प्रदेश भित्र आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नु रहेको छ। यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

- पर्यटन प्रवर्द्धन डकुमेन्ट्री निर्माणः यसमा डकुमेन्ट्री तयारीको लागि -कार्यक्षेत्रगत शर्त तयार गर्ने, लागत अनुमान तयारी गर्ने र सूचना प्रकाशन गरी प्रचिलित कानून बमोजिम प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी परामर्शदाता छनौट गरी गरिनेछ।
- ब्रोसर टुरिष्ट गाइड छपाई र प्रचार प्रसारः यसमा सामग्री तयार गरी, दररेट माग गरी ब्रोसर र टुरिष्ट गाइड छपाइ तथा वितरणको काम गरिनेछ। त्यसैगरी प्रचार प्रसारको लागि सामाजिक संजाल लगायत विभिन्न माध्यम प्रयोग गरी पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न सकिनेछ।



शाखा अधिकृत/तह (सातौं) महाशाखा प्रमुख सचिव

उल्लेखित कार्यक्रमहरु मन्त्रालयको जनशक्तिले सम्भव भएमा आफै र अन्यथा प्रचलित कानून बमोजिम सेवा प्रदायक मार्फत गर्न सकिनेछ।

- बृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रमः -

यस कार्यक्रमको मूल उद्देश्य लुम्बिनी समेत बुद्ध सर्किटका विभिन्न स्थानहरुको पर्यटन प्रवर्द्धन गर्नु रहेको छ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१. सिद्धार्थनगर न.पा.को बुद्धचोक देखि गौतमबुद्ध विमानस्थलसम्मका सडकका बीचमा बुद्धमूर्तीहरु स्थापना,
२. नवलपरासी वर्दघाट सुस्ता पश्चिम अनोमा नदी किनारमा सिद्धार्थ उद्यान निर्माण,
३. बृहत्तर लुम्बिनी क्षेत्रमा रहेका पर्यटकीय महत्वका स्थानमा मुख्य मुख्य पर्यटकीय स्थान, दूरी, अवस्थिति समेत खुलेको होर्डिङ बोर्ड तयार गरी राख्ने,
४. लुम्बिनी क्षेत्र र बृहत्तर लुम्बिनी क्षेत्रमा रहेका बुद्धसँग सम्बन्धित स्थानहरुको विस्तृत विवरण सहितको गाइड बुकलाई चीनियाँ भाषामा अनुवाद गरी प्रकाशन र प्रचार प्रसार,
५. बुद्ध दर्शन - सरल अध्ययन पुस्तकलाई अँग्रेजी भाषामा उल्था गरी प्रकाशन गर्ने,
६. पर्यटन प्रवर्द्धनमा आन्तरिक पर्यटकको महत्व विषयक गोष्ठी,
७. त्रिपिटिक च्यान्टिङ,
८. विभिन्न गुम्बाका भिक्षु तथा भन्तेहरुको बृहत्तर लुम्बिनी क्षेत्र भ्रमण तथा देशना कार्यक्रम,
९. मायादेवी प्रसुति उत्सव कार्यक्रम,
१०. बुद्ध दर्शनको व्यवहारिक प्रयोग सम्बन्धी विशेष कार्यशाला गोष्ठी
११. कोभिड १९ का कारण विस्थापनको अवस्थाका पर्यटन उद्योगको प्रवर्द्धन विषयक अन्तरक्रिया
१२. वृहत् साहित्य सम्मेलन
१३. बृहत्तर लुम्बिनी पर्यटन प्रवर्धनमा सञ्चार क्षेत्रको भूमिका बारेमा अन्तरक्रिया तथा प्रतिवेदन तयारी
१४. लुम्बिनी फुड फेस्टिभल

- बाँके राष्ट्रिय निकुन्जमा पर्यटन प्रवर्द्धन कार्यक्रमः -

यस कार्यक्रमको मूल उद्देश्य बाँके राष्ट्रिय निकुन्जमा आन्तरिक र बाह्य पर्यटकको संख्या बृद्धि गर्नु र निजहरुको बसाई अवधि लम्ब्याउनु रहेको छ। यस कार्यक्रम अन्तरगत बाँके राष्ट्रिय निकुन्ज, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, स्थानीय तहको समन्वयमा पर्यापर्यटन सम्बन्धी क्रियाकलाप छनौट गरी सञ्चालन गरिनेछ।

- बर्दिया राष्ट्रिय निकुन्जमा पर्यटन प्रवर्द्धन कार्यक्रमः -

यस कार्यक्रमको मूल उद्देश्य बर्दिया राष्ट्रिय निकुन्जमा आन्तरिक र बाह्य पर्यटकको संख्या बृद्धि गर्नु र निजहरुको बसाई अवधि लम्ब्याउनु रहेको छ। यस कार्यक्रम अन्तरगत बर्दिया राष्ट्रिय निकुन्ज, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, स्थानीय तहको समन्वयमा पर्यापर्यटन सम्बन्धी क्रियाकलाप छनौट गरी सञ्चालन गरिनेछ ।

## च) पर्यटन पूर्वाधार विकास

- ऐतिहासिक तथा धार्मिक मन्दिर आश्रमहरु/मस्जिद/संरक्षण एवम् धार्मिक पर्यटन पूर्वाधार विकास

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

यस कार्यक्रमको मूल उद्देश्य प्रदेश भित्र धार्मिक, साँस्कृतिक, ऐतिहासिक मठ, मन्दिर, आश्रमको संरक्षण गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्नु रहेकोछ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१. बगैंचा सहितको कनकमुनी बुद्धको प्रतिमा निर्माण निग्लिहवा कपिलवस्तु
२. बगैंचा सहितको ककुच्छन्द बुद्धको प्रतिमा निर्माण गोटिहवा कपिलवस्तु
३. अर्घा भगवती मन्दिरमा पर्यटकीय पूर्वाधार विकास सन्धिखर्क-९ अर्घाखाँची
४. कुमालगाउँ देवीस्थान मन्दिर संरक्षण मालिका गा.पा.-६ गुल्मी
५. शिवपुर पल्टा पर्यटन पुर्वाधार विकास महाराजगंज १ कपिलवस्तु
६. मदाने मालिका पर्यटकीय पुर्वाधार तथा पदमार्ग निर्माण मदाने २ गुल्मी
७. अर्घा भगवती मन्दिरमा पर्यटकिय पुर्वाधार विकास, सन्धीखर्क ९, अर्घाखाँची
८. कुमालगाउँ देवीस्थान मन्दिर संरक्षण, मालिका गाउँपालिका ६, ७, गुल्मी
९. मालारानी बामरुक नरसिह क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण, मालारानी, अर्घाखाँची
१०. मालिका देवालय मन्दिर पर्यटन विकास, छत्रदेव ६ अर्घाखाँची
११. रंजिकादेवी मन्दिर संरक्षण, बगनासकाली २, पोखराथोक, पाल्पा
१२. विन्धवासिनी मन्दिर संरक्षण र शिव मन्दिर पुर्वाधार निर्माण, शितगंगा ५, गल्धा, अर्घाखाँची
१३. रामघाटमा मुक्तिधाम निर्माण, वाणगंगा ३,कपिलवस्तु
१४. भगवती मन्दिर संरक्षण तथा सम्बर्द्धन, सन्धीखर्क २, कुर अर्घाखाँची
१५. श्री गोपालसिद्ध मन्दिरको विस्तृत गुरुयोजना तयारी र धार्मिक पूर्वाधार निर्माण
१६. कालीका मन्दिर जिर्णोद्दार, धुर्कोट ५, गुल्मी
१७. खड्ग भवानीकोट संरक्षण, मदाने ४, पुर्कोट, गुल्मी
१८. दुर्गा मन्दिर संरक्षण, चन्द्रौटा, कपिलवस्तु
१९. सिसहनियाकोट पर्यटकिय स्थल व्यबस्थापन तथा संरक्षण मायादेवी ५, कपिलवस्तु
२०. शिवशक्ति कल्याणी केन्द्रको धर्मशाला निर्माण, सिद्दार्थनगर
२१. छत्रकोट मन्दिरमा पर्यटकीय पूर्वाधार निर्माण, छत्रकोट ३, गुल्मी
२२. छत्रदेवालय मन्दिर झल्केपोखरीको संरक्षण व्यबस्थापन, छत्रदेव ५, अर्घाखाँची
२३. छत्रकोट मन्दिर संरक्षण, रेसुंगा न१० .पा., गुल्मी
२४. हरकट्टा देवी दुर्गा मन्दिर सरक्षण तथा व्यबस्थापन सुनवल १२, नवलपरासी
२५. निलकण्ठ बाबाधाम गुरूकुल भवन निर्माण, बुटवल ७, रूपन्देही
२६. कपिलधाम संरक्षण, कपिलवस्तु
२७. समयमाइस्थान पुर्वाधार निर्माण, कृष्णनगर न६ .पा., कपिलवस्तु
२८. रामजानकी मन्दिर संरक्षण, आेमसतिया ४, बसन्तपुर, रूपन्देही
२९. रमणेश्वर पर्यटकिय पुर्वाधार, रम्भा १, पाल्पा
३०. शिवालय मन्दिर संरक्षण तथा बाल उद्यान निर्माण, गैंडहवा ८, रूपन्देही
३१. प्रकटेश्वर मन्दिरमा पुर्वाधार निर्माण, मायादेवी ५, रूपन्देही
३२. रामजानकीदुर्गा मन्दिर पुर्वाधार विकास/, महाराजगंज १, कपिलवस्तु
३३. कालीका देवी मन्दिर मुझुङ क्षेत्र पर्यटन पुर्वाधार निर्माण, पाल्पा
३४. श्रृंगेश्वर धामको संरक्षण तथा पर्यटकिय पुर्वाधार विकास, रूरू ४, [illegible] गुल्मी
३५. रेसुङ्गा पर्यटीय पुर्वाधार विकास
३६. षडानन्द मन्दिर व्यबस्थापन, गैंडहवा ४, पोहवा, रूपन्देही



(सातौं)

महाशाखा प्रमुख

सचिव

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रूपन्देही

३७. हंशेस्वर महादेव मन्दिर संरक्षण, गढवा ३, गोवरडिहा, दाङ
३८. डुमडुमा मन्दिर  संरक्षण तथा व्यवस्थापन, लमही ६, दाङ
३९. सिद्ध मन्दिर संरक्षण, झिमुक ६, दहखोला, प्युठान
४०. रामजानकी मन्दिर संरक्षण, कोइलाबास, दाङ
४१. कालीका भगवती मन्दिर संरक्षण, घोराही १८, दाङ
४२. वराहदेवस्थल संरक्षण, सुनिलस्मृति गा२ ..पा., रोल्पा
४३. बाहेखोला वराहदेवस्थल संरक्षण, सुनिलस्मृति गा४ .पा., रोल्पा
४४. स्यालापानी बराहदेवस्थल संरक्षण, घोराही ४, दाङ
४५. दारेमस्ता मन्दिर संरक्षण, घोराही १७, चौघेरा, दाङ
४६. शिव मन्दिर संरक्षण तथा पार्क निर्माण, तुल्सीपुर न१२ .पा., सितलपुर, दाङ
४७. उदय रामेश्वर शिवालय मन्दिर संरक्षण, बिजौरी, दाङ
४८. बाबाकुटीमा पर्यटकिय पुर्वाधार निर्माण, लमही, दाङ
४९. धारापानी धार्मिक क्षेत्रमा पार्क सहित भौतिक पुर्वाधार निर्माण
५०. छिल्लीकोट पर्यटकीय क्षेत्र संरक्षण तुल्सीपसर १९
५१. वनदेवी मन्दिर र पार्क निर्माण तथा सौन्दर्यीकरण पश्चिम नवलपरासी
५२. महामृत्युन्जय शिवासन मन्दिर पर्यटकिय पूर्वाधार निर्माण, बगनासकाली- ८, पाल्पा
५३. लिपिनदेवी मन्दिर संरक्षण र व्यबस्थापन, तानसेन, पाल्पा
५४. शिवालय मन्दिर पुनर्निर्माण, रोल्पा न.पा.
५५. खुंग्री मन्दिर निर्माण, रोल्पा
५६. स्वर्गद्वारी प्रभुमहाराजको जन्मस्थल संरक्षण तथा पुर्वाधार विकास रुन्टीगढी गा. पा. रोल्पा
५७. गौमुखी नाङ्गी पर्यटन/पूर्वाधार विकास गौमुखी
५८. स्वर्गद्वारी मन्दीरको भौतिक पूर्वाधार निर्माण क्रमागत
५९. पालुकाथान मन्दिर संरक्षण, मल्लरानी प्युठान
६०. मगर गुम्बा संरक्षण, तुल्सीपुर ५, दाङ
६१. सत्य साइ केन्द्र व्यवस्थापन
६२. पाणिनी तपोभूमि क्षेत्रको पर्यटकीय पूर्वाधार निर्माण
६३. लोदाका चोडिला शिवालय मन्दिर निर्माण छत्रदेव ७ अर्घाखाँची

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. मठ, मन्दिर, धर्मशाला निर्माण, जिर्णोद्धार र संरक्षण,
ख. ती स्थान सम्मको पहुँच मार्ग मर्मत तथा निर्माण, परिसरमा बगैचा तथा पार्क निर्माण,
ग. आवश्यकता अनुसार सोलार, बिजुली, बत्ति र पिकनीक स्पटको व्यवस्था
घ. सूचना केन्द्र निर्माण, विश्राम गृह, पुजारी भवन, शौचालय, मौलिकता झल्कने संरचना निर्माण,



शाखा अधिकृत (सातौं)   महाशाखा प्रमुख   प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही   सचिव

ङ. सुगन्धित र सजावट हुने प्रजातीको फूलवारी एवम् सदाबहार बिरुवा र फलफूलका बिरुवा रोपण आदि।
च. यस्तै प्रकृतिका अन्य आवश्यक क्रियाकलापहरु ।

उपर्युक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने, वन क्षेत्रको हकमा सम्बन्धित स्वीकृत कार्ययोजनालाई आधार बनाउने वा माथिल्लो निकायबाट स्वीकृति लिने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात सेवा सञ्चालन निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

## संग्रहालयदरबार/ निर्माण, संरक्षण र व्यवस्थापन कार्यक्रम

यस कार्यक्रमको मूल उद्देश्य ऐतिहासिक एवम् पुरातात्विक महत्वका वस्तुहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्नु तथा सांस्कृतिक इतिहासको जगेर्ना गर्नु रहेकोछ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

क. गुल्मी दरवार संरक्षण, चारपाला गुल्मी
ख. मणिमुकुन्दसेन दरबार संरक्षण, बुटवल रुपन्देही
ग. जीवराज आश्रित संग्रहालय व्यवस्थापन, बुटवल रुपन्देही
घ. पाल्पा दरबार संग्रहालय व्यवस्थापन
ङ. धुर्कोट कोट संग्रहालय निर्माण क्रमागत, धुर्कोट, गुल्मी
च. दलित संग्रहालय निर्माण, बाँके
छ. उदयपुरकोट दरबार संरक्षण, प्युठान
ज. भित्रीकोट दरवार संरक्षण तथा सौन्दर्यीकरण प्युठान
झ. थारू संग्रहालय निर्माणव्यबस्थापन/,चखौरा, दाङ
ञ. भुइहारथान संरक्षण, तुल्सीपुर ७, खर्चबा, दाङ

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

क. संग्रहालयको भवन निर्माण र निर्माणाधिन भवनलाई सहयोग तथा भवनको स्तरोन्नति,
ख. संग्रहालय संरक्षणका कार्यहरु,
ग. संग्रहालयमा राखिने सामग्री खोज, खरिद, मिलाउने, सजाउने जस्ता व्यवस्थापनका कार्यहरु,
घ. पर्यटकलाई सूचना दिन आवश्यक व्यवस्था,
ङ. यस्तै प्रकृतिका अन्य क्रियाकलापहरु ।

महाशाखा प्रमुख

अधिकृतस्तर (सातौं)

सचिव

उपर्युक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।
कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नु पूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

## ताल/पोखरी/झरना/सिमसार र गुफाहरुको विकास र प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रमको मूल उद्देश्य वातावरणीय एवम् पारिस्थितिकीय सन्तुलन जोगाइराख्न, पर्यापर्यटनलाई बढावा दिन र पर्यटक आकर्षणमा योगदान पुऱ्याउनु रहेको छ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१. बहुउद्देश्यीय जलाधार निर्माण (५२ घोला), बर्दघाट १० नवलपरासी
२. नरैनापुर तालको सौन्दर्यीकरण, बुटवल १६, रूपन्देही
३. रोहिणी नदीमा तटबन्ध, हरियाली तथा सौन्दर्यीकरण
४. तुलसी डिहवा ताल संरक्षण तथा व्यबस्थापन, मायादेवी ४, कपिलवस्तु
५. तीनपोखरी ताल संरक्षण, तिनाउ १, पाल्पा
६. लक्ष्मणघाटमा सेड/ घाट व्यबस्थापन, बाणगंगा ७, कपिलवस्तु
७. पर्यटकीय ताल सौन्दर्यीकरण, खजुरा ४, बाँके
८. अर्नहवा तालमा पर्यटकीय पूर्वाधार निर्माण, राजापुर ८, बर्दिया
९. भगाहा ताल व्यबस्थापन सहित पर्यटकीय पूर्वाधार निर्माण, गुलरिया ४, बर्दिया
१०. गुरूवा गाउँ तलाउमा तटबन्ध निर्माण तथा अन्य पर्यटकिय पुर्वाधार निर्माण, जानकी गा .पा. ५, बाँके
११. पर्यटकीय महत्वका तातोपानी मूल तथा मूहान सरक्षण तथा प्रवर्धन
१२. पुरन्धरा झरना पर्यटकीय पूर्वाधार विकास दाङ
१३. गैंडहवा ताल व्यवस्थापन रुपन्ही
१४. रूरू पर्यटकिय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडिखोला नियन्त्रण आयोजना
१५. ताराताल संरक्षण, मधुवन ७ बर्दिया
१६. सुनछहरी झरना संरक्षण
१७. भिंग्री स्वर्गद्वारी खण्डमा पर्यटकिय पोखरी निर्माण, प्युठान
१८. बुलबुले मुल संरक्षण, प्युठान नपा ९., प्युठान
१९. सुकीदह पर्यटन पूर्वाधार निर्माण घोराही १२
२०. चमेरे गुफा तथा सुकेदह संरक्षण एवम् सौन्दर्यकरण, तुल्सीपुर-4

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गरिनेछ।

क. ताल पोखरी सिमसारहरुको थिग्रीकरण र भूक्षय र अन्य कारणहरुले हुन सक्ने क्षतीलाई न्यूनीकरण गर्न संरक्षणका कार्यहरु गर्ने,

ख. पानीको उपलब्धता बढाउन र दीगोपना बढाउन जैविक/बायो इन्जिनियरिङ प्रविधिहरुको प्रयोग गर्ने,

ग. पानीको मात्रात्मक र गुणात्मक वृद्धिका लागि पानी संचित हुने क्षेत्रहरुको आकार बढाउने, सरसफाइ, घेराबारा, बाँध डिल निर्माण कार्य वातावरणमैत्री ढंगले गर्ने (पोखरीको डिल पोखरीमा आउने जाने वन्यजन्तु र जनावर तथा मानिस समेतको सुरक्षालाई ध्यान दिइ निमाण गर्नु पर्नेछ।),

घ. ताल/पोखरी सिमसार/क्षेत्रहरुको पर्यटकीय आकर्षण बढाउन र प्रयोग गर्ने आवश्यक पुर्वाधारको काम, पहुँच मार्ग, नेटवायर समेतको लाइभ फेन्सिङ, बगैंचा निर्माण, बिजुली पानीको व्यवस्था, बिश्राम गृह, दृश्यावलोकन मचान, मनोरन्जन स्थल, शौचालय, मौलिकता झल्कने संरचनाको साथसाथै सुगन्धित र सजावट प्रजातिका फूलवारी एवम् सदाबहार बिरुवा रोपण, फलफूलको बगैंचा पिकनिक स्पट आदि निर्माण,

ङ. स्थानीय समुदायमा सचेतना बढाउने खालका होर्डिङ बोर्डहरु ।

उपर्युक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ । कार्य सम्पन्न पश्चात सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तीहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, पोखरीको क्षमता (घनमिटर) र साइज, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ ।

## होमस्टेमा सांस्कृतिक घर निर्माण, बाजा तथा भेषभुषा संरक्षण

यस कार्यक्रमको मूल उद्देश्य स्थानीय समुदायको संलग्नतामा स्थानीय कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै ग्रामीण पर्यापर्यटनको प्रवर्द्धन मार्फत ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारको अवसर सिर्जना गरी प्राप्त पर्यटनको लाभ लक्षित समुदाय सम्म पुऱ्याउनु रहेकोछ।

यसमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिम दर्ता भई प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक होमस्टेहरुबाट कार्ययोजना सहितको प्रस्ताव माग गरिनेछ। प्राप्त प्रस्तावहरुको प्राथमिकताक्रम निर्धारण गरी लागत सहभागिताको आधारमा प्रदेश नं. ५ अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन २०७६ ले तोके बमोजिम अनुदान सहयोग दिन सकिनेछ ।

- पर्यटकीय सूचना केन्द्र निर्माण र व्यवस्थापन

यस कार्यक्रमको मूल उद्देश्य प्रदेशको पर्यटकीय गन्तव्यहरुको जानकारी, भौगोलिक अवस्था तथा साँस्कृतिक पहिचान, वन र वन्यजन्तु सम्बन्धी जानकारी लगायतका कुराहरु सूचना केन्द्रमा राखी पर्यटकहरुलाई सरल र सहज ढंगले यथेष्ट सूचनाहरु प्रदान गर्नु रहेको छ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलाप सञ्चालन गरिनेछ।



महाशाखा प्रमुख

सचिव

क. पर्यटन सूचना केन्द्र स्थापना, प्युठान

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा सर्वे डिजाइन, लागत अनुमान तयार गरी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

क. डिजिटल सूचना प्रणाली,
ख. प्रदेश भित्रका महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थल तथा पदमार्गहरुको जानकारी एवम् तस्वीर,
ग. आर्थिक, सामाजिक, साँस्कृतिक जानकारी सहित जिल्ला र प्रदेशको पहिचान झल्कने तस्वीर,
घ. प्रदेशमा भित्रिने आन्तरिक र बाह्य पर्यटकको तथ्याङ्क, स्मार्ट टिभि, निःशुल्क इन्टरनेट, टिकट काउण्टर
ङ. र यस्तै प्रकारका अन्य कियाकलापहरु ।

## पार्क/उद्यान/गार्डेन निर्माण र विकास कार्यक्रम

यस कार्यक्रमको मूल उद्देश्य भएका पार्क र उद्यानहरुको स्तरोन्नती र नयाँ पार्क/उद्यानहरुको निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्नु रहेकोछ। यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१. चुहाई पार्क निर्माण, सुस्ता गाउँपालिका नवलपरासी
२. कमलपोखरी संरक्षण तथा पार्क निर्माण, सरावल १ तुल्सीनगर, नवलपरासी
३. भगवान बुद्धको अस्तिधातु रहेको नजिकको पोखरी सौन्दर्यीकरण, रामग्राम ७, नवलपरासी
४. शहिद मनोज झपेन्द्र स्मृति पार्क निर्माण, अर्घाखाँची
५. अमिता वन वाटिकामा पार्क निर्माण, सितगंगा १२, अर्घाखाँची
६. बल्कोट पौवामा पार्क निर्माण, छत्रदेव, अर्घाखाँची
७. जालकाँडा गुफा पार्क निर्माण, मालारानी ४, अर्घाखाँची
८. उनायचौरमा पार्क निर्माण, रेसुङ्गा ५,६,७ गुल्मी
९. जेबी पार्क निर्माण बुटवल -१०
१०. सेमरहवामा सामुदायिक पार्क, रोहिणी ४, रूपन्देही
११. मलमला पार्क संरक्षण, सैनामैना ६, रूपन्देही
१२. मामी सती सरिया ऐतिहासिक स्थलमा पार्क निर्माण एवम् ब्लक छाप्ने, सुनवल ११, नवलपरासी
१३. रामापिथेकस जुलोजिकल पार्क निर्माण, रुपन्देही
१४. मनमोहन स्मृति पार्क निर्माण, राप्ती सोनारी ८, बाँके
१५. चिल्ड्रेन पार्क निर्माण, नेपालगंज २० बाँके
१६. शहिद स्मृति जैविक पार्क निर्माण, ठाकुरबाबा २, बर्दिया
१७. शहिद स्मृति पार्क व्यवस्थापन, बारबर्दिया ११, बर्दिया
१८. डर्कवांगमा पर्यटकिय पार्क निर्माण, रोल्पा
१९. शहिद नेत्र स्मृति पार्क, दाङ्ग
२०. डण्डाखोलामा हरित पार्क निर्माण सिद्धार्थनगर ३



महाशाखा प्रमुख

सचिव

२१. गौतमबुद्ध राष्ट्रिय उद्यान निर्माण, देवदह६-, रूपन्देही
२२. सात दोबाटो रक गार्डेन, रोल्पा नगरपालिका, रोल्पा
२३. द्वन्द्व प्रभावित चिल्ड्रेन पार्क, त्रिवेणी ७, गैरीगाउँ, रोल्पा
२४. चतुर्भुज माडी, लुंग्री तटीय पार्क, रोल्पा
२५. शहिद स्मृति पार्क निर्माण थवाङ्ग १
२६. शहिद स्मृति पार्कमा पुर्वाधार निर्माण, प्युठान न.पा., बिजुवार, क्रमागत
२७. भू बनोट पार्क, प्युठान
२८. बाह्रकुने दहमा बहुउद्देश्य पार्क निर्माण दाङ्ग
२९. दाङको सुकौरामा दंगीशरण पार्क व्यबस्थापन
३०. बंगलाचुली पार्क निर्माण, दांग
३१. दंगीशरण थारु Cultural Village तथा पार्कको स्वीकृत डि पि आर बमोजिमका पूर्वाधार निर्माण
३२. मल्टिपरपोज बोटानिकल गार्डेन निर्माण घोराही
३३. बोटानिकल गार्डेन निर्माण तुल्सीपुर
३४. मानसरोबरको प्रतिकात्मक स्थल सहित बोटानिकल गार्डेन निर्माण, बाँके

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. सरोकारवालाहरुसँगको छलफल र समन्वयमा कार्यक्रमगत पर्यटकीय पार्क उद्यानहरुको निर्माण स्तरोन्नती,
ख. वाटिका निर्माण र स्तरोन्नती,
ग. सिंढी, फुट ट्रेल निर्माण र मन्दिरमा पार्क निर्माण तथा बाल उद्यान निर्माण,
घ. पहुँच मार्ग नेट वायर समेतको लाइभ फेन्सीङ तथा गार्डेनिङ,
ङ. परिसरमा आवश्यकतानुसार सोलार बिजुली र पानीको व्यवस्था, सूचना केन्द्र निर्माण,
च. शेड हाउस, मनोरन्जन स्थल, शौचालय आदि निर्माण,
छ. सुगन्धित र सजावट प्रजातिका फूलवारी एवम् सदाबहार रुख बिरुवा रोपण, फलफूलको बगैचा निर्माण।

उल्लेखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तीहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्ता पार्कहरु निर्माण गर्दा वातावरणमैत्री हिसाबले गराउनु पर्नेछ। पूर्वाधार निर्माण गर्दा पार्कको कुल क्षेत्रफलको एक चौथाइमा नबढाइ गर्नु पर्नेछ। अन्य तीन चौथाइ क्षेत्रफलमा सुगन्धित र सजावट प्रजातिका फूलवारी एबम् सदाबहार रुख बिरुवा लगाई हरियाली तथा रमणीय पार्कको रुपमा विकास गर्नुपर्नेछ। वातावरणीय दृष्टिकोणले सकभर कंक्रिटको प्रयोग कम गरी गरिनेछ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, नक्शा क्षेत्रफल, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

- भ्यूटावर निर्माण र मर्मत संभार

यस कार्यक्रमको मूल उद्देश्य पर्यटकको लागि प्राकृतिक दृश्यावलोकन गर्न सहयोग गर्ने रहेको छ । यसमा भ्यू टावर निर्माण, टिला रोल्पामा कार्यक्रम सञ्चालन गरिनेछ।

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. टावर निर्माण
ख. पहुँच मार्ग नेट वायर समेतको लाईभ फेन्सिङ तथा गार्डेनिङ
ग. परिसरमा आवश्यकता अनुसार सोलार/ बिजुली/ पानी व्यवस्था, सूचना केन्द्र निर्माण
घ. बिश्राम गृह, मनोरञ्जन स्थल, शौचालय आदि निर्माण
ङ. सुगन्धित र सजावट प्रजातीका फूलवारी एवम् सदाबहार बिरुवा रोपण फलफूलको बगैचा निर्माण।

उल्लेखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पतीहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, नक्शा भ्यूटावरले ओगटेको र उद्यान समेतले ओगटेको क्षेत्रफल, उचाई, भ्यूटावरको क्षमता (एकपटकमा धान्न सक्ने मान्छेको संख्या) रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## पदमार्ग निर्माण, स्तरोन्नति तथा मर्मत र सुधार

यस कार्यक्रमको मूल उद्देश्य पदमार्गहरुको स्तरोन्नति, सुधार तथा निर्माण गरी सुरक्षित एवम् आकर्षक बनाइ पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउने रहेको छ। यस अन्तरगत निम्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

क. बोलवमधाम हिलपार्क पहुच पर्यटकीय पदमार्ग निर्माण सैनामैना २
ख. लिम्घा सर्दीखोला पम्फुका पदमार्ग निर्माण, सत्यवती ४,५, गुल्मी
ग. कमलदह देउराली ओडार पदमार्ग, पूर्व रुकुम
घ. गौमुखी पर्यटकीय पदमार्ग निर्माण
ङ. गुरिल्ला/यार्सा ट्रेल निर्माण रोल्पा



प्रमाणिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

च. गुरिल्ला/यार्सा ट्रेल निर्माण रुकुम
छ. नरपानी—कालीमाटी—पाणिनी तपोभूमि पदमार्ग

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरे बमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. पर्यटक पदमार्ग स्तरोन्नति सुधार तथा निर्माण कार्यक्रम अन्तरगत मेसिन प्रयोग नगरी पैदल मार्गको छेउ भित्तामा अस्वभाविक रुपमा थुप्रिएको माटो, अवरोध गरेका झाडी बुटयान काँडा ढुङ्गा चट्टान बाटोबाट पन्छाउने,
ख. आवश्यकतानुसार इन्जिनियरिङ्ग डिजाइन गरी भिरालोपनको ग्रेड मिलाउने, वर्षातको भेल पानी तर्काउने नाली निर्माण, बाटो समथर पार्ने, ढुङ्गा छाप्ने, उकाली ओरालीमा ढुंगा छापी सिंढी बनाउने,
ग. स-साना खोल्सा खोल्सीमा कल्भर्ट बनाउने र ढुङ्गा छाप्ने,
घ. विश्राम गृह बनाउने, स्वच्छ खानेपानीको व्यवस्था गर्ने, शौचालय निर्माण गर्ने, ठाउँ ठाउँमा पर्यटकलाई आवश्यक पर्ने जानकारी सहित समय दूरीको दिशा निर्देश गर्ने सूचना पाटी वा साइन बोर्ड राख्ने,
ङ. आवश्यकता अनुसार बिजुली बत्तिको व्यवस्था समेत गर्ने,
च. बाटोको दुबै तर्फ सम्भव भएसम्म खाली स्थानमा सुगन्धित र सजावट हुने प्रजातिका फूल एवम् सदाबहार बिरुवा र फलफूलका बिरुवा रोपण आदि।

उल्लेखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुने गरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, एलाइनमेण्ट, नक्शा, पदमार्गको सेगमेण्ट अनुसारको लम्बाइ र चौडाइ, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## अन्य पर्यटन पूर्वाधार विकास र संरक्षणका कार्यक्रमहरु

यस कार्यक्रमको मुख्य उद्देश्य पर्यटकीय संभावना रहेका महत्वपूर्ण स्थलहरूको पूर्वाधार विकास गरी पर्यटकहरूको संख्या वृद्धि गर्ने र थप पर्यटकीय गन्तव्यहरूको विकास गर्ने रहेको छ। यस अन्तरगत निम्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१. रिब्दीकोट पर्यटकीय पुर्वाधार रिब्दीकोट ५ पाल्पा
२. अर्जुनडाँडा पर्यटकीय पूर्बाधार निर्माण, रेसुङ्गा ८, गुल्मी

अधिकृतस्तर (सातौं) सहाशाखा प्रमुख सचिव

३. दिब्रुङ्गमा पर्यटकीय पूर्वाधार निर्माण, चन्द्रकोट १, गुल्मी
४. वन वाटिकामा पर्यटकीय पूर्वाधार निर्माण, तिलोत्तमा १, रुपन्देही
५. बुटवल हिलपार्कमा पुर्वाधार निर्माण
६. मदन भण्डारी शहिद स्मृति प्रतिष्ठान
७. कङ्के देउराली पर्यटकीय हिल स्टेशन निर्माण, मदाने ६, गुल्मी
८. भिमसेन नेवा समाज संस्कृति संक्षण, बुटवल ३, रूपन्देही
९. रामापिथेकसको जिवांश भेटिएको स्थानमा पहुँच मार्ग व्यवस्थापन, तिनाउ २, ३, पाल्पा
१०. बल्डेङगढीमा पर्यटकिय पुर्वाधार विकास, पाल्पा
११. मिलनपार्कमा पुर्वाधार निर्माण, बुटवल १३
१२. एकदेव आले स्मृति प्रतिष्ठान, रूपन्देही
१३. वि.पी. कोइराला अध्ययन प्रतिष्ठान रुपन्देही
१४. राम्चेमा पर्यटकीय पुर्वाधार विकास रामपुर ५ पाल्पा
१५. रम्घा र रिम्घा क्षेत्र पर्यटकीय पूर्वाधार विकास रम्घा २ र ५, पाल्पा
१६. पिपलडाँडामा पर्यटकीय पुर्वाधार विकास माथागढी २, पाल्पा
१७. रिहार क्षेत्र पर्यटकीय पुर्वाधार निर्माण, दाङ
१८. तुसाराकोटमा भौतिक पूर्वाधार निर्माण, तुसाराकोट प्युठान
१९. जंगलकुटी व्यवस्थापन, गढवा ३, दाङ
२०. रूकुम पूर्वमा ढोरपाटन शिकार आरक्ष प्रवेश द्वार निर्माण
२१. झाँक्रिस्थान संरक्षण, प्युठान
२२. झाँक्रिढुंगा दहवासे पर्यटन पुर्वाधार, प्युठान
२३. रुकुमको तकसेरालाइ पर्यटकिय गन्तव्यको रूपमा बिकास गर्ने
२४. गजेडी दानापुर पर्यटकीय पुर्वाधार निर्माण, रुपन्देही
२५. रानीमहलमा पर्यटकिय पुर्वाधार व्यवस्थापन, पाल्पा
२६. सरायँनाच प्रवर्धन कार्यक्रम, प्युठान
२७. लुंगमा पर्यटकिय पुर्वाधार निर्माण, नौबाहिनी ६, प्युठान

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ। गुरुयोजना वा बिस्तृत परियोजना प्रतिवेदन तयार नभएको वा क्रियाकलाप मात्र तोकेको डिजाइन इष्टिमेट नभएको हकमा स्थानीय सरोकारवालाहरुको समेत सहभागितमा स्थलगत रुपमा अवलोकन गरी गर्नु पर्ने क्रियाकलापहरु पहिचान गर्ने र ती क्रियाकलापहरुको सर्भे, डिजाइन, लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।

क. कार्यक्रमको माग अनुसार पर्यटकीय क्षेत्रको सूचना म्याप, होर्डिङ बोर्ड, पहुँच मार्ग, पदमार्ग मोटरेवल बाटो, जलमार्ग, पार्किङ निर्माण र स्तरोन्नती,
ख. पार्क, बगैचा निर्माण, शौचालय निर्माण र व्यवस्थापन, बिजुली, इन्टरनेटको व्यवस्था,
ग. पिकनिट स्पट, स्वास्थ्य क्लिनिक व्यवस्थापन,
घ. मनोरन्जन स्थल र स्थानीय मौलिकता बोकेको सम्पदा मठ/मन्दिर/स्तुप आदिको निर्माण र जिर्णोद्धार,



प्रमाणीकृत (सातौं) महाशाखा प्रमुख सचिव

ङ. आवश्यकता अनुसार अन्य पूर्वाधार निर्माणका कार्यहरु।

उल्लेखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। यस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरुको संरक्षण र व्यवस्थापनको समेत सुनिश्चितता हुने व्यवस्था मिलाउनु पर्नेछ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, मुख्य क्रियाकलापहरुको नाम र परिमाण, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## सांस्कृतिक डबली निर्माण

यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय कला संस्कृतिको संरक्षण र प्रवर्द्धन मार्फत पर्यटन विकासमा टेवा पुऱ्याउनु रहेको छ। यस अन्तरगत निम्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१. पाल्पाको श्रीनगरमा साँस्कृतिक डबली निर्माण
२. दाङको घोरदौरामा साँस्कृतिक डबली निर्माण,
३. नुवाकोटगढीमा साँस्कृतिक डबली पूर्वाधार निर्माण

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदनले तोकेका क्रियाकलापहरु उपलब्ध बजेटको आधारमा प्राथमिकीकरण गरी प्याकेज तयार गरेर प्रचलित कानून बमोजिम निमार्ण गर्नु पर्नेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। निर्माण सम्पन्न पश्चात यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षण तथा व्यवस्थापनको समेत सुनिश्चितता हुने व्यवस्था मिलाउनु पर्नेछ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, डबलीको क्षमता (एकपटकमा अटाउने मानिसहरूको अधिकतम संख्या), पार्किङ क्षमता, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## छ) पूँजीगत अनुसन्धान तथा परामर्श

यस कार्यक्रमको मूल उद्देश्य प्रदेश भित्रका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको अध्ययन, अनुसन्धान र दीर्घकालीन योजनाको निर्माण गरी पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउनु रहेको छ। यस अन्तरगत निम्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१. साहसिक पर्यटनको गुरुयोजना र DPR निर्माण,
२. हिल स्टेशन गुरुयोजना र DPR निर्माण,
३. 3D VIRTUAL OUTDOOR TOUR GUIDE APPLICATION UPDATE



शाखा अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

४. रामग्राम संग्रहालयको DPR निर्माण

५. तिलामा जनयुद्ध स्मृति संग्रहालयको DPR निर्माण

उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्बन्धित विज्ञको राय लिई कार्य क्षेत्रगत शर्त (TOR) निर्माण गरी स्वीकृत गराई प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गरी सेवा प्रदायक संस्थाबाट कार्यान्वयन गरिनेछ। DPR तयार गर्दा मन्त्रालयबाट विगतमा भएको अध्ययनबाट सिफरिस भएका कार्यक्रमहरुलाई आधार मानी गरिनेछ।

अधिकृतस्तर (सातौं)

महाशाखा प्रमुख

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही

सचिव

# परिच्छेदः ४

# जडिबुटी तथा गैहकाष्ठ वन पैदावार व्यवस्थापन कार्यक्रम

# (३०७०००१४)

## ४.१ जडीवुटी विरूवा उत्पादन, खेती विस्तार

यस कार्यक्रमको मूल उद्देश्य वहुमूल्य प्रजातिका जडीवुटी तथा गैरकाष्ठ वनपैदावारहरूको संरक्षण, व्यवस्थापन र खेती विकासबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय समुदायको आय आर्जनमा टेवा पुऱ्याउने रहेको छ। यस प्रदेशमा जडिबुटीको सम्भावनालाई मध्यनजर गरी पकेट क्षेत्र विशेष जडिबुटी बिरुवाहरु उत्पादन गर्ने, बृहत रुपमा जडिबुटी खेती गर्ने र बैकल्पिक आयश्रोतको विकास गर्ने रणनीतिका साथ यो कार्यक्रम संचालन गरिनेछ। जडिबुटी खेती पकेट क्षेत्रमा मात्र संचालन गरिनेछ। पकेट क्षेत्रको पहिचान डिभिजन वन कार्यालयले स्थानीय सरोकारवालाहरुको राय परामर्शबाट गर्नेछ ।

यस शीर्षक अन्तर्गत आवश्यकता अनुसार निम्न कृयाकलापहरू गरिनेछ ।

क. हावापानी अनुकुलका जडिबुटी तथा गैरकाष्ट वन पैदावारका प्रजाती छनौट गरी सोको खेति विस्तारका लागि सम्बन्धित कार्यालयले सरोकारवाला, जडिबुटी फोकल टिम सँग समन्वय गरी पकेट क्षेत्र छनौट गर्ने।

ख. पकेट क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, कृषि तथा सहकारी समूह, निजी जग्गा धनी, साझेदारी वनसँग सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्ने। प्राप्त प्रस्तावहरुको मूल्यांकन तथा छनौट पस्चात संझौता गरी कार्यक्रम गरिनेछ। विरुवा उत्पादन गर्न नसकिएको अवस्थामा गुणस्तरीय विरुवा खरिद गर्नु पर्नेछ ।

ग. पकेट क्षेत्रमा रहेका निजी, सार्वजनिक तथा वन क्षेत्रका जग्गामा समूह बनाई चक्लाको रुपमा खेती गर्न विरुवा ढुवानी गरी प्रोत्साहन स्वरुप स्थलगत रुपमा नै विरुवा उपलब्ध गराउन सकिनेछ । यस कार्यको प्रभावकारीताका लागि स्थानीय तहसँग समन्वय गरी रोपण, वारबेर र सिंचाइ आदिको व्यवस्थापन गर्न सकिने छ ।

घ. यस कार्यक्रममा विनियोजन भएको वजेटको तीन प्रतिशतमा नबढ्ने गरि सहजीकरण, अनुगमन, ईन्धन लगायतमा खर्च गर्न सकिनेछ ।

## ४.२ जडीवुटी तथा गैरकाष्ठ वनपैदावारमा आधारित उद्यम प्रवर्धनमा सहयोग

यस कार्यक्रमको मूल उद्देश्य जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास र प्रबर्द्धनमा सहयोग गरी प्रशोधन तथा बिक्री वितरण सवल र सुदृढ बनाउँदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धी गर्ने रहेको छ । यस अन्तर्गत आवश्यकता अनुसार निम्न कृयाकलापहरु गरिनेछ।

क. मूल्य अभिवृद्धी गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विक्रि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकासका कार्यहरु,

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

ख. स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने र भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुमा सहयोग। यसरी सहयोग उपलब्ध गराउँदा निजि क्षेत्रको हकमा प्रस्तावना माग गरी क्षमता र उपयुक्तताको आधारमा कुल लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

ग. यस कार्यक्रममा विनियोजन भएको बजेटको तीन प्रतिशतमा नबढ्ने गरि सहजीकरण,सूचना प्रकाशन, अनुगमन, ईन्धन लगायतमा खर्च गर्न सकिनेछ।

## ४.३ प्रदेशका महत्वपुर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गर्ने

यस कार्यका लागि तराई, मध्य पहाड र उच्च पहाडी भेगमा रहेका महत्वपूर्ण जडिबुटी तथा गैर काष्ठ वन पैदावारहरुको आर्थिक विश्लेषण सहित अध्ययन गर्न कार्य क्षेत्रगत शर्त (TOR) तयार गर्ने, परामर्शदाता संस्था छनौट गरी संझौता गर्ने, अध्ययन सकिए पश्चात परामर्शदाता संस्थाले मन्त्रालयमा प्रस्तुतीकरण गर्ने, प्राप्त सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार गर्ने पेश गर्ने कार्य गर्नु पर्नेछ।

## ४ ४.काष्ठ तथा गैरकाष्ठ वन पैदावारको हर्बोरियम संकलन र व्यवस्थापन

हर्बेरियम तयार गर्न नमूना संकलन गर्ने कार्य देखि पहिचानसम्मका सम्पूर्ण कार्य सेवा प्रदायक बाट गरिने छ।सो को लागि कार्य क्षेत्रगत शर्त (TOR) तयार गर्ने, परामर्शदाता संस्था छनौट र संझौता गरिनेछ। संकलित नमूना व्यवस्थित रुपमा राख्न तथा संरक्षणको लागि आवश्यक सामाग्रीहरु खरिद गरिने छ।

अधिकृतस्तर (सातौं)  महाशाखा प्रमुख  प्रदेश सरकार प्रदेश नं. १ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बिराटनगर, मोरङ  सचिव

# परिच्छेदः ५
## भू तथा जलाधार व्यबस्थापन कार्यक्रम
## (३०७०००१५)

भू तथा जलाधार व्यवस्थापनका कार्यक्रम कार्यान्वियन सम्बन्धी कार्यविधि यस परिच्छेदमा उल्लेख गरिएको छ। यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्।

क. भू-वातावरणीय दृष्टिले संवेदनशील, महत्वपूर्ण र प्राथमिकता प्राप्त जलाधार क्षेत्रहरुको एकिकृत व्यवस्थापन गरी जन, धन र पूर्वाधारको क्षतिमा न्यूनीकरण गर्ने,

ख. जल तथा भूमिको संरक्षणबाट जलको उपलब्धता, भूमिको उत्पादकत्वमा परिमाणात्मक र गुणात्मक वृद्धिगरी जनताको सामाजिक आर्थिक समृद्धिमा योगदान पुर्‍याउने,

ग. अध्ययन, अनुसन्धानद्वारा जलवायु परिवर्तनका कारणले परेका र पर्न सक्ने असर आंकलन गरी उपयुक्त प्रविधिको विकास र बिस्तार गर्ने।

### ५.१ कार्यनीति

कार्यक्रमको मुख्य उद्देश्य हासिल गर्नको लागि निम्न लिखित कार्यनीति रहेका छन्।

क. विभिन्न स्तरका जलाधार (बृहत जलाधार, उपजलाधार, सुक्ष्म जलाधार) उपागम अनुरुप जलाधारहरुको पहिचान, बर्गीकरण र प्राथमिकीकरण गर्ने,

ख. वर्गीकरणको आधारमा विभिन्न जलाधार व्यबस्थापन योजनाहरू (प्रादेशिक, स्थानिय) बनाइ कार्यान्वियन गर्ने,

ग. एक जलाधार बहुउपायोग: एकिकृत सहभागितामूलक जलाधार व्यबस्थापन प्रकृया अवलम्वन गर्ने,

घ. संरक्षण कार्यलाई उत्पादनशील,आयमुलक एवं वजारमुखी ढाँचामा सञ्चालन गर्ने,

ङ. हरित क्षेत्रसँग संबन्धित निकाय (वन, कृषि, पशुपालन र जलश्रोत) सँग समन्वय र साझेदारी कायम गर्दै एकीकृत सेवा प्रदान गर्ने,

च. वृहत जलाधार अनुरुप संस्थागत तथा सांगठनिक विस्तार र सुधार गर्दै जाने,

छ. चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई बिशेष प्राथामिकता दिने,

ज. जलाधार व्यवस्थापनका विविध पक्षहरु बारे प्रचार प्रसार र समन्वय गर्ने,

झ. जलवायु परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकुलन/समानुकुलन एवं विपद व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,

ञ. Too much water too little water management को अवधारणा अनुसार विषेश गरी हिउँदको मौसममा too little water भएको समयको लागी संचय, नवीकरण र सतत् उपयोगमा सघाउ पुऱ्याउने कार्यक्रमा विषेश जोड दिने,

ट. संरक्षणका सम्पूर्ण कार्य र प्रयासहरु उपल्लो भेगको संरक्षण तल्लो भेगको फाइदा भन्ने वैज्ञानिक मान्यताका साथ जिल्लाको उपल्लो जलाधार क्षेत्र र तल्लो जलाधार क्षेत्रमा कार्यक्रमहरु एकिकृत रुपमा संचालन गर्ने,

ठ. वातावरणीय सेवाको भुक्तानी को लागि उपयुक्त प्रणालीको विकास गरी कार्यान्वियन गर्ने,

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार प्रदेश नं. १ ... वन तथा वातावरण ... बिराटनगर, ... इटहरी

ङ. प्रदेशमा रहेका जमिनहरुको भू-क्षमताका आधारमा उपयोग गर्ने, भू-क्षय जोखिमयुक्त जमिनको पहिचान गरी संरक्षणका उपायहरु अवलम्बन गर्ने,

ढ. भू-संरक्षणका आधारभूत उपायहरु अवलम्वन गर्ने।

## ५.२ जनशक्ति व्यवस्थापन तथा समयसिमा

क. जलाधार व्यवस्थापन कार्यालय अन्तरगत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ,

ख. दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको बिश्लेषण, सर्भे डिजाईन तथा ल.ई.सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानिय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत गर्ने।

## ५.३ खरीद र भुक्तानी प्रकृया तथा गुणस्तर नियंत्रण

क. कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली,(दशौं शंसोधन) २०६४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अधिनमा रही गर्नुपर्नेछ,

ख. कार्यक्रमको आवश्यकता अनुसार ग्याविन तार जालीको काम गर्दा खिया नलाग्ने, स्पेसिफिकेशन भएको मेशिनबाट बुनिएका Heavy Coated G.I. तारजाली खरीद गर्नु पर्नेछ । जिल्ला दररेट न्युन भै सामाग्री उपलब्ध हुन नसक्ने अवस्था भएमा एक तह माथिको सहमति लिई कानून सम्मत तवरले अन्य विकल्प प्रयोग गर्न सकिने छ,

ग. निर्माण कार्य स्थलमा सो कार्यक्रमसंग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत रकम, उपभोक्ता समितिको नाम, ठेगाना, लाभान्वित घरधुरी, कार्यक्रमबाट हुने मुख्य मुख्य उपलब्धीहरु, कार्यलय प्रमुखको, साईट प्रमुखको नाम, फोन नम्बर आदि) सर्वसाधारणले देखे गरी सार्वजनिक गर्नु पर्नेछ,

घ. कार्यक्रमको भूक्तानी गर्नु भन्दा पहिले सो कार्यक्रममा भएको खर्चको सार्वजनिक लेखापरीक्षण गरिसकेको प्रतिवेदन प्राप्त भएपछि मात्र भूक्तानी गर्नु पर्नेछ,

ङ. मासिक खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ। सम्भव भए सम्म Website मार्फत समेत सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ,

च. लागत, लाभांश, सहभागिता लगायतका विषयमा सार्वजनिक सुनुवाई गर्ने,कार्यक्रमको भुक्तानी पछि उपभोक्ता समूह सदस्यहरु बीच समन्यायिक बाँडफाँड, मर्मत सम्हार, लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ,

छ. विरुवा उत्पादन, समन्वयात्मक गोष्ठी, संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही जनशक्ति मार्फत अमानतमा संचालन गर्न सकिनेछ। यी बाहेक अन्य कृयाकलापहरु सकेसम्म उपभोक्ता समिति मार्फत र विशेष अवस्थामा प्रचलित कानूनका अधिनमा रहि अमानत वा सेवा प्रदायक मार्फत संचालन गर्न सकिनेछ,

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

ज. कार्यक्रम कार्यान्वयन गर्दा संभव भए सम्म म्यानुयल रुपमा गर्नु पर्नेछ तर कार्यक्रम /स्थानको प्रकृति हेरी म्यानुयल रुपमा गर्दा निर्माण हुने संरचनाको गुणस्तरमा कमीआउने/ कार्य सम्पन्न हुन बढी समय र लागत लाग्ने देखिएमा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ।

## ५.४ कार्यान्वयन विधी

### ५.४.१ आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण

आकस्मिक रुपमा पहिरो र खोला/ नदि कटानले भएको र हुन सक्ने जोखिम न्यूनिकरण गर्न यो कार्यक्रम संचालन गरिने छ। आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरबार नै उठिबास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिलाई कार्यालयवाट तत्काल राहत उपलव्ध गराउन पनियो कार्यक्रम संचालन गरिने छ ।यस अन्तरगत निम्न लिखित कृयाकलाप सञ्चालन गर्न सकिने छ।

क. आकस्मिक रूपमा पहिरो जाने तथा नदी कटान हुन सक्ने क्षेत्रहरूको पहिचान गरी सूचीकरण (अभिलेखीकरण) गर्ने,
ख. त्यस क्षेत्रको अवस्था र हुन सक्ने संभावित क्षतिको बारेमा सम्वन्धित निकायहरुबाट सुचना संकलन गरी प्रोफाइल तयार गर्ने,
ग. आकस्मिक रुपमा पहिरो र नदी कटान भई गाउँ, बस्ती र राष्ट्रिय महत्वका संरचनामा जोखिम हुने अवस्था आएमा तत्काल राहत र न्यूनीकरणको लागि निर्माण सामग्री उपलब्ध गराउने व्यवस्था गर्ने,
घ. भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट लागत अनुमान तयार गरि सम्बन्धित उपभोक्ता समूह र उद्धारमा खटिएका सुरक्षाकर्मी मार्फत संरक्षण तथा व्यवस्थापन सम्बन्धि संरचना तयार गर्ने।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ।कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, GPS लोकेशन, पहिरोको क्षेत्रफल, लाभान्वित घरधुरी रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

### ५.४.२ ग्रामिण सडकसँग भू-संरक्षण कार्यक्रम

ग्रामीण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामिण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू- स्खलन गराएको कारणले जैविक बिबिधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ।
यस कार्यक्रममा वायो ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँबायाँ हरियाली प्रवर्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्मक संरचना निर्माण, सडक आसपासका बस्ती र मानवीय जोखिमयुक्त स-साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित ... पानीको निकास जस्ता कार्यहरु पर्दछन् भने यस कार्यक्रममा सडक निर्माण वा स्तरोन्नतिका उद्देश्यले निर्माण ... सडकको नाला निर्माण,



अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार प्रदेश नं ... वन तथा वातावरण ... हेटौडा, कास्की

रिटेनिंगवाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुने छैन। यस अन्तरगत निम्नानुसारकाकृ याकलाप सन्चालन गर्न सकिनेछ।

क. ग्रामिण सडकको दायाँ बायाँ हरित प्रविधिको विकास, गल्छी पहिरो रोकथाम, भलपानीको व्यवस्थापन गर्दै एकीकृत जलाधार व्यवस्थापन गर्ने,
ख. भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत कार्यक्रमको डिजाइन, सर्भे, लागत इष्टिमेट, संझौता, कार्यान्वयन तथा अनुगमन गर्ने,
ग. गाउँ घरमा निर्माण गरिने सडक किनाराहरूको संरक्षण गर्न बायो इन्जिनियरिंग प्रविधी (टेवापर्खाल, पेलिसेड, चेकड्याम, rip-rap, घाँस तथा बाँसरोपण, अम्रिसो रोपण लगायतका कृयाकलाप) संचालन गरिनेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, एलाइनमेण्ट, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक सेगमेण्ट अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

## ५.४.३ नदी तथा खोला किनार व्यवस्थापन

नदी खोला किनारा व्यवस्थापनका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ। यो कार्य संचालन गर्दा बायो इन्जिनियरिङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ। साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। बायोइन्जिनियरिङ्ग बाहेकका संरचना जस्तै तट्बन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी, खोलाको बहाव क्षेत्रकोलागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिङ एप्रोन, डाइक र स्परहरुको व्यवस्था गर्नु पर्नेछ। निर्मित संरचनाको दीगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा संभव भएसम्म हरित पेटिका निर्माण गर्नु पर्नेछ। यस अन्तरगत निम्नानुसारका कृयाकलापहरु सन्चालन गरिनेछ।

क. नदी तथा खोलाको बहावलाई नियमन गरी किनारमा हुने अनियन्त्रित कटान र Overflow बाट बस्ती, खेतीयोग्य जमिन, नदी उकास जग्गा र महत्वपुर्ण संरचना संरक्षण गर्ने,
ख. नदी तथा खोलाकिनारा स्थिरीकरण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा छनोट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने,
ग. नदी किनारा व्यवस्थापनका लागि नदी किनारामा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाइ गर्ने,
घ. निर्मित संरचनाको दिगोसंरक्षण गर्नकोलागि नदीको दुवै किनारामा स्पर, डाइक तटवन्धन, वायोइन्जिनियरिंग, हरितपेटीका लगायतका संरक्षणका कृयाकलाप गर्ने।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ । कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक सेगमेण्ट अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

## ५.४.४ संवेदनशिल जलाधार क्षेत्र संरक्षण

संवेदनशिल जलाधार क्षेत्रको आवश्यकता र सो क्षेत्रसंग जोडिएको उपल्लो तहको पानी ढलोले घेरीएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू-स्खलनमा न्यूनीकरण गर्दै कृत्रिम रुपमा पानीको मात्रालाई बढोत्तरी गर्नु कार्यक्रमको मूख्य उद्देश्य रहेको छ। यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ।

क. स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तरकृया,
ख. उपल्लो तटीय र तल्लो तटीय अन्तर सम्बन्धको अवधारणा अनुसारयो कार्यक्रम संचालन गर्ने,
ग. शहरी क्षेत्रलाई प्रभावित पार्नसक्ने जलाधार (Up stream) हरुको पहिचान गरी संवेदनशिलता र प्राथमिकरण गर्ने,
घ. यस्ता जलाधार क्षेत्रबाट शहरले प्राप्तगर्ने वातावरणीय सेवाको निरन्तरताको लागि आवश्यक पर्ने भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम संचालन गर्ने,
ङ. स्थानीय तहसँग समन्वय गरी भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट संवेदनशिल तथा शहरी जलाधार क्षेत्रको पहिचान गर्ने,
च. संरक्षण समूह पहिचान र सशक्तीकरण,
छ. पिग्रीकरण रोकथाम संरचना निर्माण,
ज. जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास,
झ. पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन र श्रोत संरक्षण,
ञ. वृक्षारोपण तथा पुन रोपण,
ट. संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन,
ठ. पानी ढल बर्षाझरी तथा बहाव संकलन पोखरी,
ड. गेग्रान संकलन तथा गल्छी बहाव नियन्त्रणको लागि चेक ड्याम निर्माण,
ढ. क्षतीग्रस्त भूमी पुनरुत्थान तथाखेतीबारी संरक्षण,
ण. भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम,
त. वातावरणीय सेवा, जलाधारीय सेवा भुक्तानी प्रणालीको विकास,
थ. सिंचाई कुलो निर्माण, मर्मत तथा बिस्तार,
द. खोला/ नदि/ खहरे नियन्त्रण वा व्यवस्थापन।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक क्षेत्र वा ठाउँ (GPS Location) अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

## ५.४.५ संवेदनशिल उपजलाधार क्षेत्रहरूमा कृषि वन प्रणाली प्रवर्धन (लागि डालेघाँस, फलफूलका विरुवा वितरण तथा रोपण)

यस कार्यक्रम अन्तर्गत आवश्यक स्थानमा वृक्षारोपण गर्नको लागि स्थानीय उपभोक्ताहरुलाई निजि/सार्वजनिक जग्गामा डालेघाँस, फलफूलका विरुवा बृक्षारोपण गर्न उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरीय विरुवा रोपण तथा वितरण गरिने छ।

भूमिको उत्पादन क्षमतामा ह्रास आउन नदिन तथा भू-क्षमताको आधारमा भूमिको बिकास एवं सुधार गरि भूमि उत्पादकत्व संरक्षण गर्न डालेघाँस, फलफूलका विरुवा वितरण गरिने छ। यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

क. क्षतिग्रस्त भूमी पुनरुत्थान कार्यक्रम,
ख. सिमान्त, सार्वजनिक तथा नदी उकास जग्गा संरक्षण र सदुपयोग कार्यक्रम,
ग. डालेघाँस, भुईघाँस, फलफूल रोपण कार्यक्रम।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको बिरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## ५.४.६ पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानी श्रोतहरु सुक्दै गईरहेको अवस्थालाई सम्बोधन गर्न यो कार्यक्रम तय गरिएको हो। सुख्खा खडेरी न्यूनीकरणका साथै पानीको मूलहरुको संरक्षण गर्न निम्न कार्यहरु गरिने छन्।

क. परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी उत्खनन गर्ने, गाउँघरको बाटोमा बग्ने भललाईपोखरी बनाई संकलन गर्ने, पोखरी बनाई बढी पानी आउदा खोला खोल्सीमा सुरक्षित निकास बनाउने, खोल्सीमा बग्ने पानी आवश्यकता अनुसार खेतबारीमा र खेतबारीको बढी पानी सुरक्षित निकास चाहिदा खोल्सी जाने गरी खेत बारीको शिरानमा कुलो पोखरीहरु बनाउने,
ख. पोखरी निर्माणकोलागि सम्भावित स्थान पहिचान गर्न सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहसँग समन्वय गरि स्थान छनौट गर्ने,
ग. स्थान छनौट गर्दा सार्वजनिक ऐलानी, पर्तिक्षेत्र, परम्परागत साना पोखरी भएका क्षेत्रलाई प्राथमिकता दिने, त्यस्तो स्थान नभएमा सामुदायिक वन, राष्ट्रिय वन क्षेत्रमा रूखविरुवाहरु नभएको तथा निजि जग्गामा समेत सिचाई पोखरी निर्माण गर्नक्षेत्र छनौट गर्ने,
घ. परम्परागत कुवा, ढुङ्गे धारा र पानिका श्रोतहरुको संरक्षण गर्ने,
ङ. पानी श्रोतको शुक्ष्म जलाधार क्षेत्रमा तारबार गरी वृक्षारोपण गर्ने,
च. कार्यक्रम संचालन गर्न निम्न उपायहरु अवलम्वन गरिने छ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको बिरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## ५.४.७ गल्छी, पहिरो तथा खहरे रोकथाम

यो कार्यक्रम प्राथमिकता प्राप्त उपजलाधार र नदीप्रणालीमा सञ्चालन गरिनेछ। गल्छी, पहिरो तथा खहरे लगायतका क्षेत्रमा भुसंरक्षणका कृयाकलाप सञ्चालन गर्दा माथिल्लो तटीय क्षेत्र वा चुरे पहाडको भिरालो क्षेत्रमा हुने सतही रिल र गल्छि जस्ता भुक्षयको उपचार बायोइन्जिनियरिंग प्याकेजबाट गर्नुपर्नेछ।

यस कार्यक्रममा तपसिलका उपचार विधी प्रयोगगर्न सकिनेछः

क. वनस्पति तथा ससाना संरचना, पानी निकास,

ख. कम खर्चिलो भूप्रविधि,

ग. Dry stone, loose stone, brush woodcheckdam.

घ. Fascine, pallisade, wattling, layering, rip rap, hedge row.

ङ. Contour trenching, contour bunding, jute netting.

च. स-साना इन्जिनियरिंग संरचना,

छ. घाँसरोपण, बाँसरोपण, वृक्षारोपण, हाँगारोपणआदि,

ज. यस कार्यक्रम स्थानीय तहसँग समन्वय गरी उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने,

झ. सर्भे डिजाईन तथा ल.ई.: यसमा स्थलगत नक्सा(लोकेशन म्याप), प्रभावित क्षेत्रको भु उपयोग देखीने खेस्रा नक्सा,विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debris flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्,

ञ. इन्जिनियरिङ्ग संरचना निर्माण र संरक्षण वृक्षारोपण गरिनेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, गल्छीको साइज (लम्बाइ चौडाई र गहिराई), क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

## ५.४.८ प्रचार प्रसार, Activity Profile र योजना तर्जुमा गोष्ठी

यस कार्यक्रमबाट भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी जलाधार उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा र जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले प्रचार प्रसार, अन्तरक्रिया गोष्ठि तालिम आदि संचालन गरिनेछ। यस अन्तर्गत निम्न लिखित क्रियाकलाप सञ्चालन गरिनेछ।

क. पर्चापम्पलेट- रेडियो, टेलिभिजन होर्डिडबोर्ड आदि,

ख. वार्षिक प्रतिवेदन, दिवस समारोह, जिल्लाको पंचवर्षीययोजना निर्माण आदि

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

ग. वन, वातावरण तथा भूसंरक्षण अन्तर्गत संरक्षण, व्यवस्थापन, वन अतिक्रमण, वनडढेलो नियन्त्रण लगायतका कार्यक्रमहरु रेडियो, टेलिभिजनबाट प्रसारण गर्नुपरेमा रेडियो टेलिभिजनसँग संझौता गरी कार्यक्रम संचालन गर्न सकिनेछ,

घ. जलाधार /उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा।

## ५.४.९ खोलाको व्यवस्थापन गरी पानीको बहुउद्देश्यिय उपयोग (जलवायू परिवर्तन अनुकुलन)

प्रदेशमा रहेका चारवटा सब बेसिन मध्येको बाणगंगा सब बेसिन अन्तरगत पर्ने बिभिन्न जलाधार र उपजलाधार क्षेत्रहरुका पानीका स्रोतहरुको व्यवस्थापन गरी पानीको बहुउद्देशिय उपयोग गर्नु यस कार्यक्रमको लक्ष्य रहेको छ। पानीका स्रोतहरु जस्तै खोला, खहरे, खोल्सी, सिमसार, ताल, पोखरी, कुवा आदि मध्ये खोलाको व्यवस्थापन एक महत्वपूर्ण चुनौती रहेको छ। तल्लो तटिय खोलाको व्यवस्थापनको कार्यहरु जस्तै spur, embankment construction with bioengineering works गर्ने र ड्याम वा कुलो निर्माण गरी सिचाईको लागी आवश्यक प्रवन्ध गरिनेछ। यस कार्यक्रमलाई कार्यान्वयन गर्न निम्न लिखित कार्यविधी अपनाईनेछ।

कार्यक्रम संचालनको लागी उपर्युक्त स्थानको छनौट गर्ने जसको लागी सुचना संकलन (primary and secondary data collection), स्थानीय तहहरुसंग समन्वय, अवलोकन आदि कार्य गरिनेछ,

यस कार्यक्रमबाट निजी जग्गामा रहेको माछा पोखरीहरुमा पानीको उपलब्धताको लागी संरचना निर्माण पनि गर्न सकिनेछ,

जलवायू परिवर्तनको कारणबाट सृजना हुन सक्ने सम्भाव्य जोखिमलाई आधार मानी खोलाको व्यवस्थापन गरी पानीको बहुउद्देश्यीय उपयोग गरिनेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, गल्छीको साइज (लम्बाइ चौडाई र गहिराई), क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ। वार्षिक प्रतिवेदन तयार गर्दा कार्य प्रगतिको मासिक, आवधिक र वार्षिक प्रतिवेदन तथा वार्षिक संरक्षण पार्श्वचित्र (Activity Profile) तोकिएको ढाँचामा तयार गरिनेछ।

## ५.४.१० नदि प्रणालीमा आधारित उपजलाधार क्षेत्रहरूको संभाव्यता अध्ययन तथा विस्तृत योजना निर्माण

जिल्लाका उपजलाधारहरुको पहिचान, वर्गीकरण, प्राथमिकिकरण र प्राथमिकता प्राप्त उपजलाधारहरुको विस्तृत व्यवस्थापन योजना निर्माणको काम यस कार्यक्रम अन्तरगत गरिने छ। यस अन्तरगत गरिने विस्तृत कृयाकलाप र विधी तल बुँदाहरुमा उल्लेख गरीएको छ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

## ५.४.११ तिनाउ, राप्ती र बबई नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना निर्माण गर्ने ।

तिनाउ, राप्ती र बबई नदी प्रणालीका जलाधार क्षेत्रहरु र बार्षिक कार्यक्रम कार्यान्वयनका लागी ती जलाधारहरुका उपजलाधारहरु पहिचान वर्गीकरण, प्राथमिकिकरण र विस्तृत जलाधार व्यवस्थापन योजनाको काम यस कार्यक्रम अन्तरगत गरिने छ। सो को लागी तल उल्लेखित कार्यविधी अपनाइनेछ।

क. जलाधार/ उपजलाधारक्षेत्रहरुको प्राथमिकिकरण गर्दा बृहत् जलाधार व्यावस्थापन केन्द्र र सम्बन्धित जिल्ला समन्वय समिति संग समन्वय गरी भू उपयोग, भू प्रणाली, भू गर्भ, भिरालोपना जस्ता भू जैविक तथा जनघनत्व, सामाजिक एवं आर्थिक पक्षहरुको मानकको आधारमा जलाधार तथा उपजलाधार प्राथमिकीकरण गर्ने,

ख. संवेदनशिल जलाधारक्षेत्रहरुको व्यवस्थापन गर्दा भू क्षय पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल क्षेत्रको उपचार (Hot spot) तथा महत्वपुर्ण जलाधार क्षेत्र (जस्तो शहरी जलाधार) जलविद्युत जलाधार, पर्यावरणीय जलाधार, सिमसार क्षेत्रको जलाधार व्यवस्थापनलाई जलाधार तथा उपजलाधार क्षेत्र प्राथमिकीकरणमा आधार लिने,

ग. साविक भू तथा जलाधार संरक्षण विभागद्धारा प्रकाशित Sub-watershed Priotization Guidelines तथा Watershed Characterizations Atrtributesहरुको उपयोग गर्न सकिने छ,

घ. प्राथमिकतामा परेको जलाधार उपजलाधारहरुको स्थानिय जनसमुदाय तथा जनप्रतिनिधिहरुको सहभागितामा सामाजिक, आर्थिक तथा प्राकृतिक स्रोतहरुको स्थिति पत्ता लगाई जलाधार संरक्षण तथा व्यावस्थापन सम्बन्धि आवश्यकता पहिचान गरी जलप्रवाह प्रणाली, भू-उपयोग, भू-प्रणाली, भू-गर्भ , भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा जलाधार व्यावस्थापन योजना तयार गर्ने,

ङ. यसरी जलाधार व्यावस्थापन योजना तयारी गर्दा भू-क्षमता र भू-उपयोका साथै भू-क्षय, पहिरोग्रस्त क्षेत्र, जोखीम क्षेत्र, संवेदनशिल तथा जोखिमयुक्त (Hazard prone), क्षेत्रको पहिचान तथा जल भण्डारण तथा पुनर्भरण, सुख्खाग्रस्त क्षेत्रमा पानी श्रोत संरक्षण, पोखरी, पानी सोसाउने कुलो, कन्टुर ट्रेन्च, रनअफ हार्भेस्टिरङ ड्यामजस्ता कार्यक्रम तथा कृयाकलापहरुको योजना तयार गरीने छ।

च. साथै जलाधार उपजलाधार योजनामा ग्रामीण सडकसंग भू संरक्षण, सिचाइ कुलो जस्ता वातावरण मैत्री विकास, जलवायु अनुकुलन तथा समानुकुलन, लैंगिक संवेदनसिल तथा समावेसिता जस्ता अन्तरसम्बन्धित पक्षहरुलाई समेटी जलाधार उपजलाधार व्यावस्थापन योजना तयार गर्ने,

छ. जलाधार उपजलाधार योजना तर्जुमाले निर्देशित गरेका कार्यक्रमहरुको आवधिक तथा बार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति न्यून भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायक बाट समेत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

अधिकृतस्तर (सातौं)　　महाशाखा प्रमुख　　सचिव

४९

परिच्छेदः ६

# वाणिज्य तथा आपूर्ति

(३०७०००१६)

## ६.१ विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लव गठन गरी उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गर्नेः

यस प्रदेश भित्रका बाह्र वटै जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति मार्फत प्रत्येक जिल्लाका स्थानीय तहमा कम्तिमा १ वटा हुने गरी १० वटा उपभोक्ता जागरण समूह/क्लव गठन गरी वा गठन भइसकेका क्लवहरु मार्फत उपभोक्ता शिक्षा जागरण कार्यक्रम संचालन गरिने छ। उपभोक्ता जागरण शिक्षा सम्बन्धी प्रचारात्मक सामाग्री निर्देशनालयबाट उपलब्ध हुनेछ। यस कार्यक्रमको रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, स्टेशनरी तथा चियापानमा खर्च गर्न सकिनेछ ।

## ६.२ प्रत्येक जिल्लाका दश वटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा सञ्चालन गर्नेः

पहिलो चरणमा प्रत्येक जिल्लाका १०/१० वटा विद्यालय छनोट गरी प्रति एक विद्यालयबाट १/१ जना शिक्षकलाइ एक दिने उपभोक्ता प्रशिक्षक अभिमुखीकरण गरी निजहरुबाट कम्तिमा दुई विद्यालयमा प्रति विद्यालय कम्तिमा ५० जनालाई उपभोक्ता शिक्षा प्रदान गरिनेछ। यस कार्यक्रमको रकम एक दिने अभिमुखीकरण कार्यक्रम, प्रशिक्षक भत्ता र चियापानमा खर्च गर्न सकिनेछ ।

## ६.३ व्यवसायीहरु बीच अन्तरक्रियाः

व्यवसायीहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
यो कार्यक्रममा निम्न कियाकलापहरु गरिनेछ ।

(क) सहभागी छनौट गर्ने।
(ख) विद्यमान ऐन कानूनहरुको वारेमा प्रस्तुतीकरण गर्ने ।
(ग) व्यवसायीहरुका समस्या अवसर र चुनौती उपर छलफल गर्ने ।
(घ) प्रतिवेदन तयार गर्ने ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, रूपन्देही

महाशाखा प्रमुख

अधिकृतस्तर (सातौं)

सचिव

## ६.४ वाणिज्य र बजार अनुगमन निरीक्षणः

व्यापार व्यवसायलाई मर्यादित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग, वाणिज्य तथा उपभोक्त हित संरक्षण निर्देशनालयले प्रदेश भित्रका सबै जिल्लाहरुमा रहेका वाणिज्य र बजार अनुगमन गर्नु पर्नेछ भने सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/समितिहरुले आफ्नो जिल्ला भित्र अनुगमन गर्नु पर्नेछ। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन लगायतका निकायहरुसँग समन्वय गरी प्रचलित कानून बमोजिम वाणिज्य बजार अनुगमन गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।
बजार अनुगमनका लागि आवश्यक उपकरण खरिद गर्न, नमूना संकलन र परिक्षण गर्न तथा खटिएका टोलीलाई खाजा, आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको भत्तामा रकम खर्च गर्न सकिनेछ ।

## ६.५ उद्योग तथा वाणिज्य फर्मको तथ्याङ्कहरुको अपडेटः

प्रदेश भित्र सञ्चालनमा रहेका उद्योग तथा वाणिज्य फर्महरुको अभिलेखलाई व्यवस्थित गर्नको लागि तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ ।प्रत्येक घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिले तोकिएको बजेटभित्र खर्च गर्ने गरी सेवा प्रदायकबाट आफ्ना कार्यालयमा दर्ता भएका उद्योग तथा वाणिज्य फर्महरुको तथ्याङ्क अध्यावधिक गरी प्रत्येक महिनाको विवरण सम्बन्धित निकायमा अर्को महिनाको तीन गते भित्र पेश गर्नु पर्नेछ।

## ६.६ उद्योग तथा वाणिज्य प्रशासन

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिहरुले उद्योग तथा वाणिज्य फर्महरुको दर्ता, नवीकरण तथा प्रमाणपत्र प्रदान गर्न आवश्यक दर्ता/नवीकरण अभिलेख किताव र प्रमाणपत्रको छपाई तथा अभिलेख व्यवस्थापनको लागि आवश्यक अन्य सामाग्री खरिद यस कार्यक्रमका लागि छुट्याईएको रकमबाट गर्न सकिनेछ ।

## ६.७ वाणिज्य तथा आपूर्ति सम्वन्धी कानूनको निर्माणः

वाणिज्य क्षेत्रका आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्नु वा परिमार्जन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।ऐन, नियम र कार्यविधि तयार गर्दा आवश्यकता अनुसार विषय विज्ञहरु तथा सरोकारवालाहरु सँग छलफल, राय संकलन, बैठक, परामर्श सेवा, गोष्ठी, छपाई सम्वन्धी कार्यहरु गर्न सकिनेछ।

## ६.८ उपभोक्ता दिवस

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

विश्व उपभोक्ता दिवस मनाई उपभोक्ताहरुलाई आफ्नो हक अधिकार बारे जनचेतना अभिवृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिले मार्च १५ को दिन उपभोक्ता दिवस कार्यक्रम मनाउनु पर्नेछ ।

## ६.९ पेट्रोल पम्पहरुको अनुगमन निरीक्षणः

पेट्रोल पम्पहरु तथा खाना पकाउने ग्यास सिलिण्डरको नापतौल, गुणस्तर र मापदण्ड नियमन गर्न यो कार्यक्रम गरिनेछ। मन्त्रालय/ निर्देशनालयले प्रदेश भित्र रहेका पेट्रोल पम्महरुको सरोकारवालाहरुको समन्वयमा अनुगमन निरीक्षण गर्नेछ। अनुगमनको क्रममा आवश्यकता अनुसार नमूना संकलन तथा परिक्षण गरिनेछ। बिनियोजित बजेट अनुगमन टोलीको खाजा, आवश्यकता अनुसारको यातायात खर्च, नियमानुसारको भत्ता आदिमा खर्च गर्न सकिनेछ ।

## ६.१० प्रदेशस्तरीय आपूर्ति संयन्त्र सञ्चालन र माग आपूर्ति विश्लेशण

यस कार्यक्रमको लागि एउटा प्रदेशस्तरीय संयन्त्र गठन र संचालन गरिनेछ। सरोकारवालाहरु सँग छलफल गरी सयन्त्र गठन गरिनेछ। अत्यावश्यक बस्तुको माग, आपूर्ति र भण्डारणको प्रतिवेदन तयार गर्नु यस कार्यक्रमको उद्देश्य हुनेछ। यसमा विनियोजित रकम बैठक भत्ता, यातयात खर्च, गोष्ठी, खाजा, स्टेशनरी, सेवा प्रदायक संस्था परिचालन आदिमा खर्च गरिनेछ।

## ६.११ प्रचार प्रसार (रेडियो पत्रपत्रिका)

बाह्र वटै घरेलु तथा साना उद्योग कार्यालय/समितिहरु बाट रेडियो, पत्रपत्रिका तथा टेलिभिजन मार्फत वाणिज्य सम्बन्धी कानून, उपभोक्ता शिक्षा जस्ता चेतनामुलक सूचनाहरुको प्रचार प्रसार गरिनेछ। संचार माध्यमहरुसंग संझौता गरी प्रचार प्रसार गरिनेछ।

## ६.१२ उपभोक्ता जागरण अभियान- प्रचार सामाग्री तयारी

उपभोक्ता जागरण अभियान संचालनका लागि प्रचार प्रसार सामाग्री तयार गरिनेछ।

## ६.१३ उद्योग तथा वाणिज्य मेला प्रर्दशनी

प्रदेश भित्रका लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको पहिचान, प्रचार प्रसार र बजारीकरणमा टेवा पुऱ्याई आन्तरिक उत्पादनमा बृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम गरिनेछ। जिल्लामा उद्योग तथा वाणिज्य क्षेत्रका संघ संस्थाबाट आयोजना हुने औद्योगिक तथा ब्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शन गर्नको लागि रकम खर्च गरिनेछ।

## ६.१४ खाद्य वस्तुको गुणस्तर मापन प्रयोगशाला स्थापना (बहुवर्षीय कार्यक्रम)

रुपन्देही जिल्लाको भैरहवा स्थित खाद्य बस्तुको गुणस्तर मापन गर्ने प्रयोगशाला स्थापना गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत आ.व. २०७५/७६ देखि निर्माण कार्य सुरु भएकोमा आ.व. २०७७/७८ मा प्रयोगशाला भवन निर्माण सम्पन्न हुनेछ ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

# परिच्छेदः ७

## औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम
## (३०७०००१७)

यस कार्यक्रमको मूलभूत उद्देश्य उद्यमी बन्न चाहनेहरुका लागि तालिम, सीप तथा प्रविधि हस्तान्तरण गर्दै उद्योग तथा उद्यम स्थापना र सञ्चालनमा सहजीकरण गर्ने, लघु तथा घरेलु उद्योगहरुको स्तरोन्नतिमा सहयोग गर्ने र विशेष गरी कोभिड १९ को महामारीका कारण उत्पन्न असहज अवस्थामा रोजगारी गुमाई स्वदेश फर्केका र देशमै रही उद्यम गर्ने इच्छा भएका विपन्न, महिला, जनजाति र बञ्चितिकरणमा पारिएका समुदाय समेतलाई उद्यमक्षेत्रमा लगाई स्वरोजगार गर्नु रहेको छ । औद्योगिक बिकास तथा प्रवर्द्धनका देहायका कार्यक्रमहरु देहाय बमोजिम सञ्चालन गरिने छन् ।

### ७.१ वेवसाइट र डिजिटल वडापत्र

प्रदेश मन्त्रालय अन्तरगत सञ्चालित घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिहरुका कार्यहरुलाई सूचनामूलक तथा पारदर्शी बनाउनका लागि १२ वटै कार्यालयहरुको वेवसाइट अपडेट गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार डिजिटल नागरिक वडापत्र तयार गरी सञ्चालनमा ल्याइनेछ ।

### ७.२ विपन्नमुखी आयमूलक सीप विकास तालिम

गरिवीको रेखामुनी रहेका विपन्नवर्गहरुमा सीप विकास गरी आय-आर्जन तथा रोजगारी श्रृजनाबाट गरिवी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक जिल्लामा १५ जना उद्यमीलाई तालिम प्रदान गरिने छ ।

(क) कार्यक्रम संचालन र सहभागी छनौटका निम्न सूचकहरुका आधारमा स्थानीय तहहरुसँगको समन्वयनमा तालिमको माग संकलन गर्नु पर्नेछ ।

- उमेर १८ देखि ४० वर्षको विपन्न घरपरिवारका सदस्य
- नेपाली नागरिक
- साधारण लेखपढ गर्न सक्ने
- तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने इच्छा भएको
- स्थानीय निकायको समन्वयनमा सहभागी छनौट गर्ने ।

(ख) तालिम कार्यक्रमको लागत अनुमान तयार गर्ने ।

(ग) स्थानीय स्रोत साधन र सीपको पहिचान गरी प्रशिक्षार्थीलाई मागको आधारमा सीप विकास तालिम सञ्चालन गर्ने ।

(घ) घरेलु कार्यालयहरुले स्थानीय तहसँग समन्वय गरी संचालित तालिम कार्यक्रमहरुको अनुगमन गर्ने र अनुगमनको क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरुमा सुझाव दिने ।

(ङ) स्थानीय तहहरुलाई जिम्मेवार वनाउन सहजिकरण गर्ने ।

(च) तालिम समापन भए पश्चात तालिम सम्पन्न प्रतिवेदन तयार पार्ने, एक/एक प्रति तालिम प्रतिवेदन निर्देशनालयलाई र मन्त्रालयमा पठाउने ।

महाशाखा प्रमुख

प्रदेश सरकार
प्रदेश नं. ५
उद्योग, वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही

सचिव

कार्यविधि प्रमाणीकरण
दस्तखत (सातौं)

(छ) तालिम पश्चात सहभागी प्रशिक्षार्थी मध्ये उद्यम संचालन गर्नेको लागि प्रविधि हस्तान्तरण शीर्षकबाट प्रविधि हस्तान्तरण गर्न सकिने ।

## ७.३ मुक्त कमैया, कम्लरी, माझी, कुमाल, हलिया तथा लोपन्मुख, सिमान्तकृतहरुलाई सीप मूलक तालिम

समाजमा पछाडि परेका तथा अवसरबाट बन्चितहरुलाई आर्थिक कृयाकलापमा संलग्न गराइ संवृद्धितर्फ अगाडि बढ्न प्रेरित गर्ने उद्देश्यले प्रत्येक जिल्लामा १० जना उद्यमीलाई तालिम प्रदान गर्ने ।

(क) कार्यक्रम संचालन र सहभागी छनौटका निम्न सूचकहरु तयार गर्ने र यसैको आधारमा स्थानीय तहहरुसँगको समन्वयनमा तालिमको माग संकलन गर्नु पर्नेछ।
- उमेर १८ देखि ४० वर्षको मुक्त कमैया, कम्लरी, माझी, कुमाल, हलिया तथा लोपन्मुख, सिमान्तकृतहरु
- नेपाली नागरिक
- साधारण लेखपढ गर्न सक्ने
- तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने इच्छा भएको

(ख) स्थानीय निकायको समन्वयनमा सहभागी छनौट गर्ने ।

(ग) तालिम कार्यक्रमको लागत अनुमान तयार गर्ने ।

(घ) स्थानीय स्रोत साधन र सीपको पहिचान गरी प्रशिक्षार्थीलाई मागको आधारमा सीप विकास तालिम सञ्चालन गर्ने ।

(ङ) घरेलु कार्यालयहरुले स्थानीय तहसँग समन्वय गरी संचालित तालिम कार्यक्रमहरुको अनुगमन गर्ने र अनुगमनको क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरुमा सुझाव दिने ।

(च) स्थानीय तहहरुलाई जिम्मेवार बनाउन सहजिकरण गर्ने ।

(छ) तालिम समापन भए पश्चात तालिम सम्पन्न प्रतिवेदन तयार पार्ने । एक एक प्रति प्रतिवेदन उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण हित निर्देशनालय र मन्त्रालयमा पठाउने ।

(ज) तालिम पश्चात सहभागी प्रशिक्षार्थी मध्ये उद्यम संचालन गर्नेको लागि प्रविधि हस्तान्तरण शीर्षकबाट प्रविधि हस्तान्तरण गर्न सकिने।

## ७.४ सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता, एकल महिला, दलित तथा जनजातीहरुका लागि सीप मूलक तालिम

भिन्न क्षमताको पहिचानबाट जागरुक गराइ आय आर्जनका लागि उत्प्रेरित गरी सीप विकास मार्फत रोजगारको सिर्जना गर्ने उद्देश्यले प्रत्येक जिल्लामा १५ जना उद्यमीलाई तालिम प्रदान गर्ने ।

(क) घरेलु तथा साना उद्योग कार्यालयहरुले कार्यक्रम संचालन र सहभागी छनौटका निम्न सूचकहरु तयार गर्ने यसैको आधारमा स्थानीय तहहरुको समन्वयनमा तालिमको माग संकलन गर्ने ।
- उमेर १८ देखि ४० वर्षको भिन्न क्षमता, एकल महिला, दलित तथा जनजाती
- नेपाली नागरिक
- साधारण लेखपढ गर्न सक्ने
- तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने इच्छा भएको
- स्थानीय निकायको समन्वयनमा सहभागी छनौट गर्ने ।

(ख) तालिम कार्यक्रमको लागत अनुमान तयार गर्ने ।



महाशाखा प्रमुख सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

स्तर (सातौं)

(ग) स्थानीय स्रोत साधन र सीपको पहिचान गरी प्रशिक्षार्थीलाई मागको आधारमा सीप विकास तालिम सञ्चालन गर्ने ।

(घ) घरेलु कार्यालयहरुले संचालित तालिम स्थानीय तहसँग समन्वय गरी कार्यक्रमहरुको अनुगमन गर्ने र अनुगमनको क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरुमा सुझाव दिने ।

(ङ) स्थानीय तहहरुलाई जिम्मेवार बनाउन सहजिकरण गर्ने ।

(च) तालिम समापन भए पश्चात तालिम सम्पन्न प्रतिवेदन तयार गर्ने। एक एक प्रति प्रतिवेदन उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण हित निर्देशनालय र मन्त्रालयमा पठाउने ।

(छ) तालिम पश्चात सहभागी प्रशिक्षार्थी मध्ये उद्यम संचालन गर्नका लागि प्रविधि हस्तान्तरण शिर्षकबाट प्रविधि हस्तान्तरण गर्न सकिने ।

## ७.५ भगत सर्वजित सिप विकास प्रबर्द्धन कार्यक्रम (दलित लक्षित)

विपन्न दलितहरुलाई परम्परागत तालिम, सीप र प्रविधि हस्तान्तरण गरी स्वरोजगारी सिर्जना गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिने छ ।

१. सहभागी छनौटः

- कार्यक्रम सञ्चालन गर्न तोकिएको कार्यालयले राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी तालिम, सीप र प्रविधि प्राप्त गर्न चाहने प्रदेशभित्रका दलित समुदायबाट दरखास्त माग गर्ने ।
- यस्तो निवेदन सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा बुझाउन सकिने ।
- निवेदनमा देहायका कुरा उल्लेख भएको हुनु पर्ने ।
    - निवेदकको नाम
    - स्थायी ठेगाना
    - सम्पर्क ठेगाना
    - सम्पर्क मोवाइल नम्बर
    - लिन चाहेको तालिमको विषयक्षेत्र
    - तालिम पश्चात गर्न चाहेको व्यवसाय
- म्यादभित्र परेका निवेदनहरु सम्बन्धित कार्यालयले सूचनाको म्याद समाप्त भएपछि सूचना जारी गर्ने कार्यालयमा पठाई दिने ।
- जिम्मेवार कार्यालयले निवेदन संख्या, निवेदकको चाहना र कार्यक्रमको उद्देश्य अनुरुप तालिम र सीप प्रदान गरिने विषयक्षेत्र र सहभागी संख्या निर्धारणा गर्ने।

२. तालिम कार्यक्रमः

- सहभागी र तालिम दिइने विषयक्षेत्र निर्धारण भएपछि कार्यालयले तालिमको कार्यक्रम बनाउने ।

- सूचना प्रकाशन तालिमको लागि प्रशिक्षक, हलभाडा, सहभागीको आवास, खाना, खाजा, आतेजाते यातायात, तालिम सामग्री, तालिम पश्चात हस्तान्तरण गरिने प्रविधि लगायतको लागत अनुमान तयार गर्ने ।
- प्रशिक्षणका लागि आवश्यक सेवा प्रदायक छनौट गरी सम्झौता गर्ने ।
- सहभागीहरुलाई तालिम शुरु हुने मितिको सूचना दिने ।
- तालिम सञ्चालन गर्ने ।
- कार्यक्रमको एक प्रतिसतसम्म रकम कार्यालयले सूचना प्रकाशन लगायतका ओभरहेड वापत खर्च गर्न पाउने ।
- प्रविधि सहयोगतर्फ रु. दुई लाखसम्मको प्रविधि दिन सकिने ।

३. प्रविधि हस्तान्तरण

- तालिम समापन भएपछि सहभागीलाई प्रमाणपत्र दिने ।
- प्रविधि हस्तान्तरण गर्ने ।
- प्रशिक्षार्थीहरुलाई उद्योग व्यवसाय दर्ता गर्न सहजिकरण गर्ने ।

४. कार्य सम्पन्न तथा प्रगति प्रतिवेदनः कार्य सम्पन्न भए पश्चात निम्न विवरण खुलाई प्रिवेदन तयार गरी निर्देशनालय र मन्त्रालयमा पठाउने ।

- तालिमका सहभागीहरुको विवरण,
- तालिम सम्पन्न गर्नेहरुको विवरण,
- प्रविधि सहयोग लिनेहरुको विवरण(प्रविधिको नाम सहित)

## ७.६ जिल्ला स्तरमा लघु, घरेलु तथा साना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण

नयाँ सृजना भएका उद्यमीलाई तालिम अवधि मै र स्तरोन्नतीका लागि सूचना प्रकाशन गरी प्रविधि हस्तान्तरण गरी उद्यम/उद्योगको विकास र विस्तारमा टेवा पुर्याइ रोजगारीको बृद्धि मार्फत गरीबी न्यूनिकरणमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम गरिनेछ। कार्यक्रम निम्नानुसार गरिनेछ ।

घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालयले सञ्चाल रेको सीप तालिम र उद्यमीहरुको लागि आवश्यक प्रविधि (मेशिन औजार)प्रचलित कानुन बमोजिम खरिद गरी उपलब्ध गराउन सकिनेछ ।

(क) प्रविधि (मेशिन औजार) को खरिद मूल्यको उद्यमीले व्यहोर्ने २० प्रतिशत मूल्य रकम प्रदेश लेखा नियन्त्रक कार्यालय/ कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश इकाईको विविध खातामा जम्मा गरे पश्चात मात्र सम्बन्धित उद्यमीको साझेदारी हुनेछ ।

(ख) स्थानीय तहहरुको समन्वयमा प्रविधि हस्तान्तरण गर्ने ।

(ग) प्रविधि सहयोग प्राप्त गर्नको लागि आवश्यक पर्ने उद्यमीहरुले आफ्नो व्यवसायको कार्ययोजना तयार गरी पेश गर्नु पर्नेछ । यसैको आधारमा प्रविधि हस्तान्तरण गरिनेछ ।

(घ) कार्यालयले प्रविधि हस्तान्तरण कार्य सम्पन्नताको प्रतिवेदन तयार पार्ने र निर्देशनालय र मन्त्रालयलाई एक एक प्रति पठाउने ।

(ङ) मन्त्रालय, निर्देशनालय, जिल्ला स्थित घरेलु कार्यालय/विकास समिति, स्थानीय तहले प्रविधि प्राप्त गरेका उद्यमहरुको स्थलगत कार्य संचालनको अनुगमन गर्ने ।



...कृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

## ७.७ उद्योग दिवस मनाउने

ऐतिहासिक जानकारी तथा उद्योग स्थापना सम्बन्धी प्रचार प्रसार गरी जनसहभागिता अभिवृद्धि गर्ने ।

(क) उद्योग दिवस मनाउन अन्य कार्यालय तथा सरोकार वाला संघ संस्थालाई कार्यक्रमको जानकारी गराइ तैयारी गर्ने ।

(ख) प्रचार प्रसार गर्ने ।

(ग) उद्योग स्थापनाको दिन भेला वा गोष्ठी वा प्रर्दशनी वा प्रभातफेरी लगायतका आदि कार्यक्रम संचालन गर्न सकिनेछ ।

(घ) प्रतिवेदन तयार गर्ने ।

(ङ) उद्योग दिवस हरेक मंसिर ९ गते मनाउनु पर्नेछ ।

## ७.८ बुद्धकालिन र बुद्ध संस्कृतीमा आधारित काष्ठकला, ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने

बुद्धकालिन ऐतिहासिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रर्वद्धन भइ संस्कृतिको प्रवर्द्धन हुनुका साथै रोजगारी तथा आय आर्जन गर्न मद्दत गर्नेछ ।

यो कार्यक्रममा निम्न क्रियाकलापहरु गरिनेछ ।

(क) सहभागी छनौट

- बुद्धकालिन संस्कृतिमा आधारित काष्ठकला, ललितकला तथा मुर्तिकला सम्बन्धी तालिम लिन इच्छुक सहभागी छनौट गर्न तीस दिने सूचना प्रकाशन गर्ने।
- तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरुले सम्बन्धित जिल्लाका घरेलु कार्यालय र उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा निवेदन दिने व्यवस्था गर्ने।
- प्राप्त निवेदन विश्लेषण गरी सहभागी छनौट गर्ने।
- निवेदनको ढाँचा र सहभागी छनौटका आधारहरु निर्देशनालयले तयार गरी कार्यान्वयनममा ल्याउने।

(ख) सहभागि संख्या र तालिम अवधिको आधारमा प्रचलित नर्म्स अनुसार लागत अनुमान तयार गर्ने।

(ग) तालिम प्रदान गर्न सेवा प्रदायक छनौटका लागि कार्यक्षेत्रगत शर्त (TOR) तयार गरी सेवा प्रदायक छनौट गर्ने।

(घ) प्रशिक्षार्थीलाई सीप विकास तालिम सञ्चालन गर्नका लागि आवश्यक प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाउने।

(ङ) मन्त्रालय र निर्देशनालयबाट संचालित तालिम कार्यक्रमहरुको अनुगमन गर्ने।

(च) सहभागीहरुलाई तालिम पश्चात व्यवसाय दर्ता गर्न र संचालन गर्न प्रोत्साहान गर्ने ।

(छ) तालिम समापन भए पश्चात तालिम सम्पन्नताको प्रतिवेदन तयार गर्ने।एक प्रति तालिम प्रतिवेदन मन्त्रालयमा पठाउने ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

## ७.९ सञ्चालित उद्यमीहरुको उद्योग स्तरोन्ती तालिम

पाँच वर्ष वा सो भन्दा अगाडिदेखि उद्योग संचालन गरी आय-आर्जन तथा रोजगारी गरिरहेका उद्यमीहरुको लागि क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक जिल्लामा २० जना उद्यमीहरुको स्तरोन्नती तालिम सञ्चालन गरिनेछ।

यो कार्यक्रम सञ्चालन विधि देहाय अनुसार हुनेछ।

(क) कार्यक्रम संचालन र सहभागी छनौटका निम्न सूचकहरुका आधारमा स्थानीय तहहरुसँगको समन्वयनमा तालिमको माग संकलन गर्नु पर्नेछ ।

- नेपाली नागरिक
- उद्योग नविकरण गरेको प्रमाण पत्र

(ख) स्थानीय तहको समन्वयनमा सहभागी छनौट गर्ने ।

(ग) तालिम कार्यक्रमको लागत अनुमान तयार गर्ने ।

(घ) आवश्यकताको आधारमा प्रशिक्षार्थीलाई स्तरोन्नतीका लागि तालिम प्रदान गर्ने र तालिम कार्यक्रममा स्थलगत अवलोकन भ्रमण समावेश गर्न सकिने।

(ङ) तालिम समापन भए पश्चात तालिम सम्पन्न प्रतिवेदन तयार गर्ने। एक/एक प्रति तालिम प्रतिवेदन निर्देशनालयलाई र मन्त्रालयमा पठाउने ।

## ७.१० परम्परागत सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार

वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमै उद्यम गर्न चाहने नव उद्यमीलाई लगानी (मेशिन उपकरण) का आधारमा लगानीको ५०% वा रु. पाँच लाख मध्ये जुन कम हुन्छ सो बराबरको रकम अनुदान दिने यस कार्यक्रमको उद्देश्य हुनेछ।

### क .उद्योगीहरुको छनौट प्रक्रिया

सूचना प्रकाशन गर्नु पर्ने:

(१) यो कार्यविधि बमोजिम अनुदान प्रदान गरिने उद्योगीहरुको छनौट गर्ने प्रयोजनका लागि चालु आ.व.मा दर्ता भएका उद्योगीहरुबाट प्रस्ताव माग गर्न सम्बन्धित कार्यालयले ३० दिन म्याद भएको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

(२) यो कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न चाहने उद्योगीले देहायका कागजात सहित सूचनाको म्याद भित्र कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

- चालु आ.व.मा दर्ता भएको उद्योग दर्ताको प्रमाणपत्र
- उद्योग रहेको स्थान
- उद्योगको हालको अवस्था
- उद्योगको अधिकृत पूँजी
- उद्योगले उत्पादन गर्ने माल वस्तु
- उद्योगको वार्षिक उत्पादन क्षमता
- उद्योगमा आवश्यक जनशक्ति
- उद्यमीले लिन चाहेको प्रविधि
- यस अगाडि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कुनै निकायबाट यस्तो सहुलियत वा अनुदान नलिएको स्वघोषणा पत्र ।



महाशाखा प्रमुख

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बुटवल, रुपन्देही

सचिव

(सातौं)

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि कार्यालयले ती निवेदनहरु मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा पेश गर्नेछ ।

(४) प्राप्त निवेदनहरुको मूल्याङ्कनको लागि निम्न बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

क. सम्वन्धित कार्यालयको कार्यालय प्रमुख — संयोजक

ख. कोष तथा लेखा नियन्त्रण कार्यालय, प्रदेश इकाईको प्रतिनिधि — सदस्य

ग. जिल्ला समन्वय समितिको कर्मचारी प्रतिनिधि — सदस्य

घ. कार्यालय प्रमुखले तोकेको कर्मचारी — सदस्य सचिव

समितिका संयोजक र सदस्यहरुले देहाय बमोजिमका सूचकका आधारमा मूल्यांकन गरी उद्योगीहरुको प्राथमिकता क्रम निर्धारण गरी अनुदानका लागि सिफारिस गर्नु पर्नेछ ।

५. अनुदान पाउने उद्योग छनौट गर्दा मूल्याङ्कनका आधारहरुः

| क.स. | मूल्याङ्कनका आधार | पूर्णाङ्क | प्रदान गरिने अंक |
|---|---|---|---|
| १ | समावेशी उद्योग | १० | |
| | एकल महिलाले संचालन गरेको उद्योग | | १० |
| | महिलाले संचालन गरेको उद्योग | | ८ |
| | पुरुषले संचालन गरेको उद्योग | | ६ |
| २ | अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग | ५ | ५ |
| ३ | दलित वा अल्पसंख्यक समुदायका व्यक्तिले संचालन गरेको उद्योग | ५ | ५ |
| ४ | संचालित उद्योग | १० | |
| | बैदेशिक रोजगारीबाट फर्केको दुई बर्ष ननाघेको व्यक्तिबाट संचालित उद्योग | | १० |
| | अन्य व्यक्तिबाट संचालित उद्योग | | ८ |
| ५ | स्थानीयस्तरमा प्राप्त भएको कच्चापदार्थमा आधारित उद्योग | १० | १० |
| ६ | उद्योगले सृजना गर्ने रोजगारी संख्या | १५ | |
| | ५ जना भन्दा माथि रोजगारी सृजना गर्ने उद्योग | | १५ |
| | ५ जना भन्दा कम रोजगारी सृजना गर्ने उद्योग | | १० |
| ७ | आयात प्रतिस्थापनलाई सहयोग गर्ने प्रकारको उद्योग | १० | १० |
| ८ | निर्यात मूलक बस्तु उत्पादन गर्ने उद्योग | ५ | ५ |
| ९ | अत्यावश्यक वस्तु भनी तोकिएका बस्तु उत्पादन गर्ने उद्योग | १५ | १५ |
| १० | वातावरणीय व्यवस्थापन गरिएको उद्योग | १० | १० |
| ११ | स्वास्थ्य सुरक्षा प्रवन्ध अपनाईएको उद्योग | ५ | ५ |
| | कुल अंक | १०० | |

अधिकृतस्तर (सातौं) — महाशाखा प्रमुख — सचिव

द्रष्टव्य: क) उल्लेखित मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनौटमा समावेश गराईनेछ।

ख) नियमानुसार उद्योग दर्ता, नवीकरण, व्यवसायिक योजना जस्ता कागजपत्र पेश नगर्ने उद्योगलाई मूल्यांकनमा समावेश गरिने छैन।

ग विगत दुई बर्ष भित्र बैदेशिक रोजगारीबाट फर्केका व्यवसायीले सो पुष्टी हुने कागजात पेश गरेको हुनु पर्नेछ ।

घ) कार्यालयले माथि उल्लेखित बुँदा नं. क (२) र (५) को आधारमा प्रस्तावको ढाँचा तयार गर्नुपर्नेछ।

ख. सम्झौता गर्नु पर्ने: प्राथमिकता क्रम निर्धारण भई अनुदान सम्बन्धी निर्णय भए पश्चात कार्यालयले उद्यमीसंग अनुदान उपलब्ध गराउने विषयमा सम्झौता गर्नु पर्नेछ ।

सम्झौतामा देहाएका कुरा उल्लेख भएको हुनु पर्नेछ ।

(क) उद्योगको नाम र ठेगाना:

(ख) उद्योगको किसिम:

(ग) उद्योगबाट उत्पादन शुरु मिति:

(घ) उद्योग सञ्चालनका लागि उद्योग वा फर्मले खरिद गर्ने मेशिन उपकरणको बील र ती उपकरण उद्योगमा जडान भएको प्रमाण पेश भएपछि मात्रै मेशिनरी उपकरण खरिद गर्दा लागेको रकमको पचास प्रतिशत वा रु. पाँच लाख मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलब्ध हुने व्यहोरा।

ग. अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था:

- सम्झौता बमोजिम उद्योगमा मेशिन उपकरण जडान भए पछि उद्योगीले सोको बिल भर्पाई र जडान भएको प्रमाण संलग्न राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।
- निवेदन प्राप्त भए पछि कार्यालयले उद्योगको स्थलगत जाँचबुझ गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- प्रतिवेदनबाट संझौताको शर्त अनुसार उद्योग स्थापना/संचालन भएको देखिएमा कार्यालयले सम्झौता अनुसारको अनुदानको रकम उद्योगीको बैंक खातामा भुक्तानी दिनेछ ।
- सूचना प्रकाशन, बैठक तथा अनुगमन लगायतका कार्यका लागि यस कार्यक्रमको तीन प्रतिशतसम्म रकम खर्च गर्न सकिनेछ ।

## ७.११ प्रदेश स्तरीय महिला उद्यमीहरुसँग अन्तरक्रिया गोष्ठी

महिला उद्यमीहरुले उद्योग सञ्चालन गर्दा परेका समस्या र चुनौतीहरुको समाधान र भावी कार्यदिशा पहिचान गर्नका लागि यो कार्यक्रम संचालन गरिने छ।

कार्य संचालन विधि र प्रकृया:

(क) सहभागी छनौट

(ख) अन्तरक्रिया कार्यकम संचालन

(ग) अन्तरक्रियामा प्रस्तुत भएका सुझाव समावेश गरी प्रतिवेदन तयार गर्ने

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार ... बन तथा वातावरण ... बुटवल, रुपन्देही

## ७.१२ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया गोष्ठी

प्रदेश भित्रका वन क्षेत्रमा कार्यरत कर्मचारी, सामुदायिक वन समिति/समूहमा महिला, दलित, जनजाती, मधेसी समुदाय, अपांग तथा आर्थिक समाजिक रुपले पछाडि परेका समुदायको पँहुच र प्रतिनिधित्व प्रति चेतना अभिवृद्धि गर्न र सरोकारवालाहरुको समस्याहरु, अवसरहरु तथा प्राप्त लाभको समानुपातिक वितरण सम्बन्धी जानकारी दिन प्रदेश स्तरीय लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया गोष्ठी सम्पन्न गर्ने मूख्य उद्देश्य रहेको छ ।

कार्य संचालन विधि र प्रकृयाः

(क) सहभागी छनौट

(ख) अन्तरक्रिया कार्यक्रम संचालन

(ग) अन्तरक्रियामा प्रस्तुत भएका सुझाव समावेश गरी प्रतिवेदन तयार गर्ने

## ७.१३ उत्पादित वस्तुको गुणस्तर र लेभलिङ सम्बन्धमा अभिमुखीकरण गोष्ठि

प्रदेशमा स्तरमा उत्पादित वस्तुको गुणस्तर र लेभलिङ सम्बन्धमा जनचेतना फैलाउने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ ।

कार्य संचालन विधि र प्रकृयाः

(क)सहभागी छनौट

(ख)कार्यक्रम संचालन

(ग) कार्यक्रममा प्रस्तुत भएका सुझाव समावेश गरी प्रतिवेदन तयार गर्ने

## ७.१४ कर्मचारीको क्षमता अभिवृद्धि तालिम

निर्देशनालयबाट उद्योग, वाणिज्य प्रशासन तथा प्रविधि मैत्री जनशक्ति तयारका लागि आवश्यक तालिमहरुको पहिचान गरी तालिम संचालन गरिनेछ ।

## ७.१५ वार्षिक तथा अर्धवार्षिक योजना तर्जुमा तथा प्रगति समीक्षा गोष्ठी

लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको समीक्षा गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।
मन्त्रालय र मातहतका कार्यालयहरुको उपस्थितीमा वार्षिक तथा चौमासिक प्रगति समिक्षा संचालन गरिनेछ।

## ७.१६ उद्योगहरुलाई अनुदान

(क)अल्लो प्रशोधन उद्योगहरुलाई अनुदान सहयोग

(ख)अदुवा उद्योगलाई अनुदान

(ग) चिउरी साबुन उद्योगलाई अनुदान

(घ) गलैंचा उत्पादन गर्ने उद्योगलाई उन प्रशोधन गर्ने मेसिन अनुदान

(ङ) नेपाली हाते कागज कारखाना स्थापनाका लागि अनुदान

(च) कोईला गुणस्तर मापन यन्त्र खरिदको लागि ईटा व्यवसायीलाई नगद अनुदान



महाशाखा प्रमुख

सचिव

...कतस्तर (सातौं)

(छ)कागज उद्योगलाई अनुदान सहयोग

माथि उल्लेखित नयाँ वा पुराना दुवै उद्योगहरु लाई अनुदान दिन सकिने छ। उद्योगी छनौटको विधि र प्रकृया बुँदा नं. १० को आधारमा गरिने छ। मूल्यांकन समितिले आवश्यकता अनुसार मूल्यांकनका आधार र अंकमा परिवर्तन गर्न सक्नेछ। स्वीकृत बजेट, प्राप्त प्रस्ताव र मूल्यांकन समितिले गरेको मूल्यांकनका आधारमा उद्योगीलाई अनुदान प्रदान गरिने रकम निर्धारण गरिने छ।

## ७.१७ ऐन, नीति, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण तथा परिमार्जन

उद्योग, वाणिज्य क्षेत्रका आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तयार गर्नु वा परिमार्जन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ । ऐन, नियम र कार्यविधि तयार गर्दा आवश्यकता अनुसार विषय विज्ञहरु तथा सरोकारवालाहरु सँग छलफल, राय संकलन, बैठक, परामर्श सेवा, गोष्ठी, छपाई सम्बन्धी कार्यहरु गरिनेछ।

## ७.१८ लघु घरेलु तथा साना उद्योगहरुको अनुगमन निरीक्षण

प्रदेशमा संचालनमा रहेका उद्योगहरुले उत्पादन गर्ने बस्तुहरुको गुणस्तरीयता कायम गरी बजारमा आपूर्ति सुनिश्चतता गर्न उद्योगहरुको नियमित अनुगमन निरीक्षण गरिनेछ ।
यो कार्यक्रममा निम्न क्रियाकलापहरु गरिनेछ ।
(क)आवश्यकता अनुसार उद्योगहरुको अनुगमन तथा निरिक्षण गर्ने।
(ख)निरिक्षणको क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरुमा सल्लाह एवं सुझाव दिने ।
(ग) अनियमितता देखिएमा आवश्यक कारवाही गर्ने ।
(घ) उद्योग अनुगमनको वार्षिक प्रतिवेदन तयार गर्ने ।

## ७.१९ लघु, घरेलु तथा साना उद्योग विकास कोषको संचालन

लघु, घरेलु तथा साना उद्योग विकास कोषको संचालन "उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७" बमोजिम हुनेछ ।

## ७.२० उद्योगीहरुसंग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

उद्योगीहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
यो कार्यक्रममा निम्न क्रियाकलापहरु गरिनेछ ।

महाशाखा प्रमुख

अधिकृतस्तर (सातौं)

सचिव

(क) सहभागी छनौट गर्ने।
(ख) विद्यमान ऐन कानूनहरुको बारेमा प्रस्तुतीकरण गर्ने ।
(ग) उद्यमी व्यवसायीहरुका समस्या अवसर र चुनौती उपर छलफल गर्ने ।
(घ) प्रतिवेदन तयार गर्ने ।

## ७.२१ नेपालगंज र दाङमा प्रदेशस्तरको प्रर्दशनी कक्ष स्थापनाको संभाव्यता अध्ययन

नेपालगंज र दाङमा प्रदेशस्तरको स्थायी प्रर्दशनी स्थल स्थापनाको संभाव्यता अध्ययन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ ।
(क) लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार गर्ने
(ख) परामर्शदाता छनौट गर्ने
(ग) छनौट भएको परामर्शदाताबाट अध्ययन गर्ने

## ७.२२ लुम्विनी कोरिडोरका उद्योगहरुको स्थानान्तरण सम्भाव्यता अध्ययन प्रतिवेदन

लुम्वीनी कोरिडोरका उद्योगहरुको स्थानान्तरण गर्नका लागि सम्भाव्यता अध्ययन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ।

यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ ।
(क) लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार गर्ने
(ख) परामर्शदाता छनौट गर्ने
(ग) छनौट भएको परामर्शदाताबाट अध्ययन गर्ने

## ७.२३ स्वदेशी श्रमले विदेशी श्रमलाई प्रतिस्थापन गर्ने क्षेत्रहरुको अध्ययन

स्वदेशी श्रमले विदेशी श्रमलाई प्रतिस्थापन गर्ने क्षेत्रहरुको अध्ययन गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ।

यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ ।
(क) लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार गर्ने
(ख) परामर्शदाता छनौट गर्ने
(ग) छनौट भएको परामर्शदाताबाट अध्ययन गर्ने

## ७.२४ खाद्य उद्योगहरुको अध्ययन प्रतिवेदन

प्रदेश भित्रका खाद्य उद्योगहरुको अध्ययन गरी खाद्यान्नको आपूर्ति विश्लेषण यो कार्यक्रमको उद्देश्य रहेको छ।

अधिकृत (सातौं) ........ महाशाखा प्रमुख सचिव

यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ ।

(क) लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार गर्ने

(ख) परामर्शदाता छनौट गर्ने

(ग) छनौट भएको परामर्शदाताबाट अध्ययन गर्ने

## ७.२५ स्वदेशी सामान प्रदर्शनी तथा बिक्री कक्ष

स्वदेशी उत्पादनको उपभोग प्रति उपभोक्ताको रुची बढाउन र बिक्री प्रवर्द्धन गर्नु यस कार्यक्रमको उद्देश्य हुनेछ ।

यो कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ।

(क) बुटवल, दाङ र नेपालगन्जको मुख्य बजार केन्द्रमा एक एक वटा डिपार्टमेन्टल स्टोर रहने छ।

(ख) डिपार्टमेन्टल स्टोर संचालन र व्यवस्थापनका लागि सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग महासंघको इकाई वा संघ, उद्योगी व्यवसायीसँग सम्बन्धित संघ संगठन र यो कार्यक्रमको उद्देश्य अनुकुलका सहकारी संस्थाहरु सँग प्रस्ताव माग गरी सूचना प्रकाशन गरिने छ।

(ग) प्रस्ताव मूल्यांकन गरी संघ संस्था छनौट गर्ने कार्य देहाय बमोजिमको समितिले गर्नेछ। मुल्याङ्कनका आधार समिति आफैले निर्धारण गर्न सक्नेछ।

| | |
|---|---|
| १. सम्बन्धित कार्यालयको कार्यालय प्रमुख | संयोजक |
| २. कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाईका प्रतिनिधि | सदस्य |
| ३. जिल्ला समन्वय समिति कार्यालयको कर्मचारी प्रतिनिधि | सदस्य |
| ४. सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

(घ) डिपार्टमेन्टल स्टोर संचालन गर्नका लागि २५०० स्वायर फिट क्षेत्रफलको हल, हलको उपलब्धता नहुने अवस्थामा एउटै भवन र सो पनि उपलब्ध नभएमा बीस मिटर दूरी भित्रका हल वा भवन भाडामा लिई छनौट भएका संस्थालाई उपलब्ध गराइने छ ।

(ङ) चालु आ.व.मा स्वीकृत बजेट मध्ये घरभाडा तिरेर बाँकी रहने रकम डिपार्टमेन्टल स्टोर भित्र आवश्यक पर्ने र्‍याक, काउण्टर, कम्प्युटर, प्रिण्टर र सजाबटका कार्यमा खर्च गर्न सकिने छ।

(च) स्वीकृत कार्यक्रमको बढीमा तीन प्रतिशत सम्म रकम सूचना प्रकाशन, इन्धन अनुगमन लगायतमा खर्च गर्न सकिने छ।

(छ) डिपार्टमेन्टल स्टोरमा प्रदेश ५ भित्रका कृषक, लघु घरेलु तथा साना उद्यमीहरुले उत्पादन गरेका उपज तथा सामग्रीहरु मात्र बिकि गर्नुपर्नेछ।

## ७.२६ कोशेली घर सञ्चालनका लागि सहयोग

स्थानीय उत्पादनहरुको स्थानीय स्तरमै बजारीकरण गर्न कोशेली घर संचालन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रममा निम्न कियाकलापहरु गरिने छ ।

(क)स्थानीय तहसँगको सहकार्यमा स्थान छनौट गर्ने ।

(ख)सूचना प्रकाशन गरी संस्था छनौट गर्ने र सम्झौता गर्ने ।

अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

प्रदेश सरकार प्रदेश नं. ५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बुटवल, रुपन्देही

(ग) कोशेली घरमा स्वदेशी पर्यटकीय वस्तु तथा स्थानीय कृषक तथा उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बिक्रि वितरण गर्नुपर्नेछ।

(घ) कोशेली घर संचालनको लागि घरभाडा र आवश्यक फर्निचरहरुको खरिदमा रकम खर्च गरिनेछ।

## ७.२७ घरेलु तथा साना उद्योग कार्यालयको अभिलेख व्यवस्थापन

यस मन्त्रालय अन्तरगत रहेका ७ वटा घरेलु तथा साना उद्योग कार्यालय तथा ५ वटा घरेलु तथा साना उद्योग विकास समिति कार्यालयहरुले आफ्नो कार्यालयले सम्पादन गर्ने काम कारवाहिहरुसँग सम्बन्धित अभिलेख व्यवस्थापन गर्नेछ। यो कार्य सेवा करारबाट सम्पादन गर्न सकिनेछ।

## ७.२८ बुलेटिन र प्रकाशन

मन्त्रालय तथा मातहतका निकायहरुबाट सम्पादन गरेको सम्पूर्ण कार्य, सिकाई र उपलब्धीहरुको संगालोको रुपमा चौमासिक रुपमा बुलेटिन प्रकाशन गरिनेछ।

## ७.२९ आन्तरिक उत्पादनको मेला प्रदर्शनी

प्रदेश भित्रका लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको पहिचान, प्रचार प्रसार र बजारीकरणमा टेवा पुऱ्याई आन्तरिक उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम गरिनेछ। जिल्लामा उद्योग तथा वाणिज्य क्षेत्रका संघ संस्थाबाट आयोजना हुने औद्योगिक तथा व्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शन गर्नको लागि रकम खर्च गरिनेछ।

## ७.३० उद्योगको सफ्टवेयर सञ्चालन

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले आव २०७६/७७ मा निर्माण गरेको उद्योग दर्ता सम्वन्धि कम्प्युटर सफ्टवेयरलाई संचालन गरिनेछ। यसको लागि निम्न कार्य गरिनेछ।

(क) सफ्टवेयर अनलाइन भर्सनमा संचालन गर्न सर्भर स्पेश तथा अन्य आवश्यक कार्यहरु गर्ने।

(ख) सफ्टवेयर संचालनको लागि सम्बन्धित कर्मचारीहरुलाई तालिम दिने।

(ग) निर्देशनालय र १२ वटै घरेलु कार्यालयहरुमा यो सफ्टवेयरको कार्यान्वयन गर्ने। सफ्टवेयर संचालनमा आइपर्ने प्राविधिक समस्याहरुको समाधान सफ्टवेयर निर्माण गर्ने सेवा प्रदायकले गर्नुपर्ने।

प्रदेश सरकार ... उद्योग, ... तथा वातावरण मन्त्रालय विराटनगर, मोरङ

## ७.३१ शालिग्राम अध्ययन

पूर्वीय दर्शनको महत्वपूर्ण खनिज तत्व शालिग्रामको महत्व, उपादेयता र उपलब्धताको विषयमा अध्ययन गर्नु यस कार्यक्रमको मूल उद्देश्य हुनेछ।

(क) लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार गर्ने

(ख) परामर्शदाता छनौट गर्ने

महाशाखा प्रमुख

...कतस्तर (सातौं)

(ग) छनौट भएको परामर्शदातावाट अध्ययन गर्ने

## ७.३२ तिलोत्तमा औद्योगिक ग्राम स्थापना

तिलोत्तमा औद्योगिक ग्राम स्थापनाको लागि भौतिक पूर्वाधार निर्माणमा टेवा पुऱ्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

यो कार्यक्रममा निम्न क्रियाकलापहरु गरिनेछ ।

(क) तिलोत्तमा नगरपालिकाले औद्योगिक ग्रामको DPR बमोजिम भौतिक पूर्वाधार निर्माणकोलागि लागत अनुमान तयार गरी खरिद सम्झौता गर्ने र तिलोत्तमा नगरपालिका सँगको सम्झौता र कार्यमूल्यांकनको आधारमा भुक्तानी गर्ने।

## ७.३३ प्रदेशका १५ पालिकामा औद्योगिक ग्राम विस्तृत अध्ययन

प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट वक्तव्यमा विशेष प्राथमिकताका साथ राखिएको कार्यक्रमको आधारमा एक प्रदेश निर्वाचन क्षेत्रमा एक औद्योगिक ग्राँम स्थापनाको लागि विस्तृत अध्ययन गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रममा निम्न क्रियाकलापहरु गरिनेछ ।

(क) निर्देशनालयले कार्यक्षेत्रगत शर्त तयार गरी जिल्ला कार्यालयहरुमा पठाउने ।

(ख) कार्यालयले सेवा प्रदायक छनौटका आधार तयार पारी प्रचलित कानून बमोजिम छनौट गर्ने ।

(ग) सम्झौता गरी कार्य जिम्मेवारी दिने ।

(घ) औद्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि २०७५ को ढाँचामा प्रतिवेदन तयार भएको हुनुपर्ने।

(ङ) प्रतिवेदनलाई कार्यान्वयनमा सहजिकरणको लागि निर्देशनालय, मन्त्रालय र स्थानीय तहलाइ पठाउने।

## ७.३४ बुटवल औद्योगिक क्षेत्रको औद्योगिक पूर्वाधार सुधार

बुटवल औद्योगिक क्षेत्रको औद्योगिक पूर्वाधार सुधार गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ। यस अन्तर्गत औद्यगिक क्षेत्र भित्र सडक मर्मत संभार गरिनेछ। सडक मर्मत संभारको लागि लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य सम्पादन गरिनेछ।

कार्यविधिमा उल्लेखित कार्यक्रमहरुको खर्चको सम्वन्धमा

यस कार्यविधिमा उल्लेख भएका सीप तालिम सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा छुट्टाइएको रकम तपशिलका शीर्षकमा खर्च गर्न सकिनेछ ।

(क) सहभागीहरुहरुको खाजा खर्च ।

(ख) स्टेशनरी तथा तालिम सामग्री ।

(ग) प्रशिक्षक पारिश्रमिक ।

(घ) कार्यक्रम उद्घाटन/समापन

(ङ) तालिम अवधि र तालिम पश्चातको अनुगमन ।

प्रदेश सरकार, बुटवल, रुपन्देही

महाशाखा प्रमुख

सचिव

(च) यातायात, ईन्धन व्यवस्थापन ।

(छ) हल भाडा ।

(ज) संयोजक तथा सहयोगी भत्ता ।

(झ) सहभागि छनौट लगायत खर्च ।

(ञ) सम्पूर्ण तालिम कार्यक्रमको लागि एकजना उद्यम विकास सहजकर्ता नियुक्ति गरी तालिम संचालन गर्दा लाग्ने खर्च ।

अधिकृतस्तर (सातौं)

महाशाखा प्रमुख

सचिव

# परिच्छेद: ८

# खानी तथा खनिज अन्वेषण र व्यवस्थापन

## (३०७०००१८)

### ८.१ निर्माणजन्य खनिज सामाग्रीको उत्खनन:

यस कार्यक्रम संचालनका लागि प्रदेशबाट संभाव्यता अध्ययन र विस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भै सके पछि सम्बन्धितको स्थानमा प्रचलित कानून बमोजिम खरिद प्रकृया अपनाई निर्माण जन्य खनिज सामग्रीको उत्खनन कार्य सम्पन्न गरिनेछ ।

अधिकृतस्तर (सातौं)    महाशाखा प्रमुख    सचिव

प्रदेश सरकार
प्रदेश नं ५
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, रुपन्देही

## परिच्छेदः ९

# वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम
# (३०७०००१९)

### ९.१ प्रदुषण मापन प्रयोगशाला स्थापना तथा जडानः

वातावरणीय कानुन एवं मापदण्डको नियमन गरी प्रदेशमा स्वच्छ र स्वस्थ्य वातावरण कायम गर्ने उद्देश्यले वातावरणीय प्रयोगशाला स्थापना गरिनेछ।

- प्रयोगशालामा आवश्यक पर्ने मेसिन/ उपकरणको स्पेशिफिकेसन र लागत अनुमान तयार गर्ने।
- प्रचलित कानून बमोजिम मेसिन/उपकरण खरिद गर्ने।
- प्रयोगशालाको लागि वातानुकुलित कक्ष बनाउने ।
- उपकरण र प्रयोगशाला संचालन सम्बन्धी आवश्यक तालिम प्रदान गर्ने।

### ९.२ ड्रोनबाट वातावरणीय अनुगमनः (ड्रोन खरिद र जडान समेत)

वातावरणीय अनुगमन गर्न आवश्यक ड्रोन, उपकरण र सामाग्री प्रचलित कानून अनुसार खरिद गरी प्रयोगमा ल्याइनेछ।

- ड्रोन र आवश्यक सामाग्री/उपकरणको स्पेशिफिकेसन र लागत अनुमान तयार गर्ने।
- प्रचलित कानून बमोजिम खरिद गर्ने।
- ड्रोन संचालन सम्बन्धी आवश्यक तालिम प्रदान गर्ने।
- उडान अनुमित एवम् लाईसेन्सको लागी आवेदन दिई सो प्राप्त गर्ने।

### ९.३ प्लाष्टिक जन्य पदार्थ नियन्त्रण तथा पून प्रयोग सम्बन्धी अध्ययन गर्नेः

प्रदेश ५ मा प्लाष्टिक जन्य वस्तु/पदार्थ नियन्त्रण तथा पून प्रयोग सम्बन्धी अध्ययन गर्ने यो कार्यक्रमको उद्देश्य रहेकोछ।

- कार्यसूचि र लागत अनुमान तयार गर्ने।
- प्रस्ताव मूल्याङ्कन गर्ने।
- सेवा प्रदायक छनौट गर्ने।
- छनौट भएको सेवा प्रदायकबाट अध्ययन गर्ने।

### ९.४ एकिकृत नगर फोहरपानी प्रशोधन सम्बन्धी अध्ययन गर्नेः

छनौट गरिएका नगरपालिकाहरुमा फोहरपानी प्रशोधनको सम्भाव्यता अध्ययन गर्ने यस कार्यक्रमको उद्देश्य रहेकोछ। यस कार्यका लागि निम्न कृयाकलाप गरिनेछ।

- नगरपालिका छनौट गर्ने।
- कार्यसूचि र लागत अनुमान तयार गर्ने।



अधिकृतस्तर (सातौं) महाशाखा प्रमुख सचिव

- प्रस्ताव मूल्याङ्कन गर्ने।
- सेवा प्रदायक छनौट गर्ने।
- छनौट भएको सेवा प्रदायकबाट अध्ययन गर्ने।

## ९.५ फोहरमैला प्रशोधन केन्द्र स्थापना

फोहोरमैला प्रशोधन केन्द्र स्थापनाको लागि भौतिक पूर्वाधार निर्माणमा टेवा पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

यो कार्यक्रममा निम्न क्रियाकलापहरू गरिनेछ ।

(क) सैनामैना नगरपालिकाको DPR बमोजिम भौतिक पूर्वाधार निर्माणको लागि लागत अनुमान तयार गरी खरिद सम्झौता गर्ने, सैनामैना नगरपालिका बीचको सम्झौता र कार्यमूल्यांकनको आधारमा भुक्तानी गर्ने